मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १८४ ★ ने. सं. ११४६ दिला थ्व, द्वादशी ★ आइतबार ★ १० साउन, २०८३ ★ July 26, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## हास्यव्यङ्ग्यकार रामशेखर आफू नहाँसी अरूलाई हँसाउनमा सफल कलाकार हुनुहुन्थ्यो



भक्तपुर, ९ साउन । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष, वरिष्ठ राजनीतिज्ञ एवं मार्क्सवादी साहित्यकार नारायणमान बिजुक्छेँ (रोहित) ले शनिबार एक विशेष समारोहबिच हास्यव्यङ्ग्य कलाकार, निर्देशक, कथाकार, उपन्यासकार 'रामशेखरया ख्याल ब्वज्या' (हास्यव्यङ्ग्य प्रहसन) उद्घाटन गर्नुभयो ।

नाट्यकर्मी समाज नेपालद्वारा आयोजित उक्त कार्यक्रममा पार्टी अध्यक्ष बिजुक्छेँले नेपाली साहित्यबारे समालोचना गर्नुपर्ने आवश्यकता औँल्याउँदै साहित्य पनि एक सशक्त राजनीतिक हतियार भएको हुँदा देशविरोधी र जनविरोधी कार्यको समाजमा उदाङ्ग्याउनुपर्नेमा जोड दिनुभयो ।

राजनीतिक दलका नेता तथा कार्यकर्ताले इमानदारीपूर्वक काम नगरे देश पछि पर्ने विचार व्यक्त गर्दै उहाँले सिद्धान्त, विचार र व्यवहारिक अनुभव नभइकन नयाँ पुस्ता हुँदैमा सबै बुझ्छु भन्ने भ्रममा बस्न नहुने बताउनुभयो ।

भारत र संरा अमेरिका नमिली सिंहदरबारलगायत देशको सम्पत्ति कसैले ध्वस्त गर्न नसक्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "विदेशी शक्ति राष्ट्रले आफ्नो स्वार्थ पूरा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थालाई उपयोग गरिएको हुन्छ । त्यसतर्फ सरकार र जनता जहिल्यै गम्भीर र सचेत हुनुपर्छ ।"

नेपालभाषा साहित्यको नेपाली र अङ्ग्रेजीमा अनुवाद गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष रोहितले हरेक व्यक्ति अध्ययनशील हुनुपर्नेमा जोड दिनुभयो ।

कलाकारिता क्षेत्रबाट रामशेखर नकर्मी चिनेको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, "कलाकार रामशेखर आफू नहाँसी अरूलाई हँसाउनमा सफल कलाकार हुनुहुन्थ्यो । राजनीति थाहा नभएको बताउने उहाँ राजनीतिक दल र नेताहरूलाई तीखो व्यङ्ग्य गर्न पछि पर्नुहुन्न ।"

"साहित्य र कलाको माध्यमबाट गोलीले भन्दा बढी मनमा चोट पुग्ने गरी घोचपेच गर्ने क्षमता भएको 'शेखर दाइ' हास्यव्यङ्ग्यको सवालमा मात्र होइन धेरै विषयमा जानकार भएका व्यक्ति हुनुहुन्थ्यो", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले जनताको आजु (उद्देश्य) अझै पूरा नभएको हुँदा न्याय, समानता पाउन र देश जोगाउन आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सिंहदरबार, अदालत, सांसद भवनजस्ता देशको सम्पत्तिमा कसले किन आगजनी गऱ्यो भन्नेबारे नयाँ पुस्तामाझ विभिन्न साहित्यिक विधाबाट सुसूचित पार्नुपर्नेमा जोड दिँदै उहाँले देश बनाउन र जोगाउन नडराइकन, नझुकिकन साहित्य लेखेर नयाँ पुस्तालाई वैचारिक खुराक दिनुपर्ने बताउनुभयो ।

देश र जनताको निम्ति हरेकले आ-आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले देश र समाजको हित हुने साहित्य कोरेर जनतालाई सचेत र सङ्गठित गर्नु जरुरी छ भन्नुभयो ।

हास्य कलाकार आशाकाजी थकुले समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय,

***बाँकी पृष्ठ ८ मा***

## उच्च शिक्षा अध्ययनका लागि विदेश जानु नै सफलता होइन

भक्तपुर, ९ साउन । लिशा इङलिस सेकेन्डरी स्कूलले एसईई २०८२ मा उत्तीर्ण विद्यार्थीहरूको सम्मान, बधाई तथा बिदाइ कार्यक्रमको उद्घाटन शनिबार भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान तथा बधाई ज्ञापन गर्दै सबै विषयको समान महत्त्व रहेको बताउनुभयो ।

उहाँले विद्यार्थीलाई आफ्नो रुचि र क्षमताअनुसार अध्ययन गरी विशेषज्ञ बन्दै समाजमुखी र राष्ट्र विकासमा योगदान पुऱ्याउनुपर्ने बताउनुभयो । उहाँले उच्च शिक्षा अध्ययनका लागि विदेश जानु नै सफलता नभएको उल्लेख गर्दै विदेश पुगेका धेरै विद्यार्थीले विभिन्न कठिनाइ भोग्नुपरेको उदाहरण प्रस्तुत गर्नुभयो । गलत आश्वासन र झिलिमिली विज्ञापनको पछि नलागी सोचविचार गरेर मात्र आफ्नो शैक्षिक भविष्यको निर्णय लिन विद्यार्थीलाई उहाँले सुझाव दिनुभयो ।

नगर प्रमुख प्रजापतिले अनुशासन र नैतिकतालाई जीवनको आधार बनाउनुपर्नेमा जोड दिँदै अनुशासनविहीन समाज अन्ततः अराजकतातर्फ उन्मुख हुने भएकोले असल चरित्र, नैतिक मूल्य र सामाजिक जिम्मेवारीलाई सधैँ प्राथमिकतामा राख्न विद्यार्थीलाई आग्रह गर्नुभयो । प्रमुख प्रजापतिले संसारलाई बदल्न सक्ने क्षमता भएका युवाहरू हाम्रो देशमै रहेको र सही नेतृत्वले देशलाई अगाडि बढाउने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले लिशा इङलिस सेकेन्डरी स्कूल निरन्तर प्रगतिउन्मुख बन्दै गएको उल्लेख गर्दै उत्कृष्ट जीपीएसहित एसईई उत्तीर्ण सबै विद्यार्थीलाई बधाई दिनुभयो । उहाँले कक्षा १० उत्तीर्ण गर्नु शैक्षिक यात्राको एउटा चरण मात्र भएको बताउँदै अझै लामो अध्ययन र जीवनयात्रा बाँकी रहेकोले निरन्तर सिकाइलाई जीवनभर कायम राख्न आग्रह गर्नुभयो । उहाँले लिशा स्कूलबाट प्राप्त ज्ञान, सीप र संस्कारलाई जहाँ पुगे पनि प्रतिबिम्बित गर्न विद्यार्थीलाई प्रेरित गर्नुभयो ।

उहाँले नगरपालिकाले लागू गर्न लागेको आइतबार बिदालाई अतिरिक्त क्रियाकलापमार्फत सदुपयोग गर्दै विद्यार्थीलाई अझ प्रतिभाशाली र सक्षम बनाउने दिशामा विद्यालयले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका वरिष्ठ प्राध्यापक भोजराज अर्यालले भक्तपुर सुन्दर, स्वच्छ र अनुशासित नगरका रूपमा परिचित रहेको उल्लेख गर्दै यहाँको शैक्षिक विकास पनि प्रशंसनीय रहेको बताउनुभयो । उहाँले विद्यार्थीलाई आफ्नो अनुशासन कहिल्यै नछोड्न, ठूलो सपना देख्न र त्यसलाई साकार पार्न निरन्तर मेहनत गर्दै आत्मविश्वासका साथ अगाडि बढ्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा इसानका अध्यक्ष प्रेमजन थापाले विद्यार्थी र शिक्षकलाई सकारात्मक सोचका साथ आत्मसम्मान कायम राख्दै जीवनमा अगाडि बढ्न आग्रह गर्नुभयो । उहाँले जीवनमा कहिल्यै निराश नहुन सुझाव दिँदै असफलताले सफल बन्ने बाटो सिकाउने भएकोले प्रत्येक चुनौतीलाई सिकाइको अवसरको रूपमा लिनुपर्ने बताउनुभयो । उहाँले कृत्रिम बुद्धिमत्ता (एआई) को बढ्दो प्रयोगबारे चर्चा गर्दै विद्यार्थी र शिक्षकलाई यसको फाइदा तथा प्रभावकारी र जिम्मेवार प्रयोगका बारेमा बोल्नुभयो । आधुनिक प्रविधिलाई सिकाइ, अनुसन्धान र सिर्जनशील कार्यमा सदुपयोग गर्दै आफ्नो ज्ञान र सीप अभिवृद्धि गर्न उहाँले आग्रह गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक लिशा प्रजापतिले स्वागत मन्तव्य व्यक्त गर्दै

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्रको कुनो




## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ६६

**जिल्ला प्रशासन कार्यालय कञ्चनपुर :**

भदौ २३ गते जियनजेड आन्दोलनमा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको विषयलाई लिएर विद्यार्थी सङ्गठनले साँझ १९:०० बजेतिर भीमदत्त नगरपालिका वडा नं. ४ को बजारमा मसाल जुलुससहित कोणसभा गरेको थियो । भदौ २४ गते बिहान ७:३० बजे यातायात व्यवसायी, चालक, सहचालकहरूले सडक बन्द गरी आन्दोलनमा ऐक्यबद्धता जनाए । सो क्रममा राजनैतिक दलका विद्यार्थी नेता तथा राजनैतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि तथा बजारमा व्यवसाय गर्ने व्यापारी, पावर अफ बुचका पदाधिकारी तथा सदस्यहरू, स्थानीय बासिन्दा, भारतीय मजदुर, व्यापारीहरू चम्मन चोकमा जम्मा भई उहाँहरूले ऱ्याली निकालेर नेपाली काङ्ग्रेस र नेकपा एमालेको पार्टी कार्यालयमा आगजनी तथा तोडफोड गरे । सोपश्चात् पूर्वगृहमन्त्री रमेश लेखकको बजारमा रहेको घर, नगरपालिका कार्यालयको गेट, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयको गेटमा ढुङ्गामुढा, जिल्ला प्रशासन कार्यालयमा तोडफोड तथा आगजनी, शुक्लाफाँटा नपाको कार्यालय एवम् वडा कार्यालयहरूमा तोडफोड तथा आगजनी, कृष्णपुर नपा, पुनर्वास नपा, दोधारा चाँदनी नपामा तोडफोड तथा आगजनी गर्नुको साथै सवारी साधनहरूमा समेत क्षति पुऱ्याए । पूर्वगृहमन्त्री रमेश लेखकको बेदकोट नपा ८ मा रहेको घरमा आगजनी, पूर्वमुख्यमन्त्री राजेन्द्र रावल, प्रदेशसभा सदस्य प्रकाश रावल, प्रदेश मन्त्रीहरू हीरा सार्की, बहादुर थापा, सुरेन्द्र पाल, नेकपा एमाले जिल्ला इन्चार्ज निरुदेवी पाल, जिल्ला समन्वय समिति प्रमुख, भीमदत्त नपा नगर प्रमुख/उपप्रमुख, बेदकोट नपा प्रमुख, कृष्णपुर नपा प्रमुख, शुक्लाफाँटा नपा प्रमुखलगायत ७७ स्थानमा आगजनी तथा तोडफोड भएको थियो ।

भदौ २४ गतेको तोडफोड तथा आगजनीमा नेकपा एमाले, नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्र, राप्रपा, रास्वपा, नेकपा विप्लव, बहुमतलगायत तिनका भ्रातृ सङ्गठनका युवा तथा विद्यार्थी नेता कार्यकर्ता संलग्न रहेको पाइन्छ । यस जिल्लामा काम तथा व्यापारिक सिलसिलामा रहेका भारतीय नागरिकहरू, यातायात व्यवसायीका पदाधिकारी, चालक, सह-चालक, मेकानिक्स, होटल व्यवसायी, होटलमा काम गर्ने कर्मचारीहरूले धनमाल लुटपाट गर्ने मनसायबाट घटना घटाएको देखिन्छ ।

***बाँकी पृष्ठ ८ मा***



**ऐतिहासिक भण्डारखाल पोखरी :**
विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा रहेको राष्ट्रिय कला सङ्ग्रहालयभित्र रहेको ऐतिहासिक भण्डारखाल पोखरी । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# भक्तपुर नगरव्यापी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

भक्तपुर, ९ साउन । भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालय र तचपा: पुच:को संयुक्त आयोजनामा भइरहेको भक्तपुर नगरव्यापी विद्यालय उमेरका विद्यार्थीबिचको हाजिरीजवाफ प्रतियोगिता शनिबार सम्पन्न भयो । प्रतियोगितामा प्रभात ई. स्कूल प्रथम, ख्वप्रिङ ई. एकेडेमी द्वितीय, हिमालयन ग्लोरी ई. स्कूल तृतीय र वागीश्वरी मावि विद्यार्थी हित समिति चौथो हुन सफल भयो । उत्कृष्ट टोलीलाई वाग्मती प्रदेशसभा सांसद सृजना सैंजूले पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा अतिथि सैंजूले विद्यार्थीहरूले पाठ्यपुस्तकको अध्ययनसँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय समसामयिक विषयमा जानकारी राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "विद्यार्थीले समाज बुझ्न पाउने अधिकार राख्छन्, अन्याय र शोषणको विरोधमा आवाज उठाउने हक छ र यही नै विद्यार्थी राजनीति हो ।"

भारतमा शिक्षा क्षेत्रमा देखिएको बेथितिविरूद्ध युवा विद्यार्थीहरूको आन्दोलन भइरहेको चर्चा गर्दै उहाँले नेपालको वर्तमान सरकारले नयाँ पुस्तालाई मौन राख्ने र जनतालाई हरेक शीर्षकमा भारी बोकाउने कार्य गरिरहेको बताउनुभयो । उहाँले नेपाली युवा विद्यार्थीहरूले सरकारका गलत क्रियाकलापको विरूद्ध सचेततापूर्वक सङ्घर्ष गर्नुको विकल्प नरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा पूर्ववडाध्यक्ष कृष्णभक्त लवजूले जेनजी आन्दोलनबाट बनेको सरकारले जेनजीहरूको भावनाविपरीत शिक्षा र स्वास्थ्यमा कर लगाएको, विद्यार्थी राजनीतिलाई प्रतिबन्धित गरेको उल्लेख गर्दै पञ्चायती शैलीको शासन लामो समय नटिक्ने बताउनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताको बौद्धिक विकासका लागि नगरपालिकाले युवा पुस्तालाई लक्षित गरी अतिरिक्त क्रियाकलापहरू गरिरहेको बताउनुभयो । उहाँले नगरपालिकाले स्थानीय पाठ्यक्रममार्फत भक्तपुरको कला, संस्कृति, इतिहास र स्थानीय विशेषताको विषयमा विद्यालय तहमा कक्षा सञ्चालन गरेदेखि नयाँ पुस्तामा स्थानीय विषयमा राम्रो जानकारी हुन थालेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष दीपिका लवजूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरू जेनुषा कोजु, सुजी हेंग्वजु, सगुन धन्छालगायतले बोल्नुभयो ।

प्रथम हुने टोलीलाई ट्रफी र प्रमाणपत्र तथा टोलीमा सहभागी विद्यार्थीहरूलाई नगद पुरस्कार, पुस्तक उपहार तथा प्रमाणपत्र वितरण गरिएको आयोजकले बताएको छ । प्रथम हुने प्रभात ई. स्कूललाई रु. १५ हजार, द्वितीय हुने ख्वप्रिङ ई. एकेडेमीलाई रु. १२ हजार, तृतीय हुने हिमालयन ग्लोरी ई. स्कूललाई नगद रु. ९ हजार र चौथो हुने वागीश्वरी मावि विद्यार्थी हित समितिलाई रू. ६ हजार पुरस्कार वितरण गरिएको वडाध्यक्ष ज्याख्वले बताउनुभयो ।

# गाभीले नेपालसँग रकम फिर्ता नमाग्ने

काठमाडौँ, ९ साउन । खोपका लागि ग्लोबल अलायन्स (गाभी) ले नेपालसँग तीन लाख आठ हजार २७१ अमेरिकी डलर फिर्ता नमाग्ने निर्णय गरेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको पहलपछि उक्त रकम गाभी ६.० अन्तर्गत नेपालले आगामी दिनमा प्राप्त गर्ने सहयोगबाट समायोजन गरिने भएको हो ।

गाभीले नेपाललाई पठाएको पत्रमार्फत विश्वस्वास्थ्य सभाका क्रममा भएको द्विपक्षीय भेटवार्ता, त्यसपछिको पत्राचार तथा नेपालले प्रस्तुत गरेको प्रस्तावका आधारमा उक्त निर्णय गरिएको जानकारी दिएको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ ।

गाभीले आफ्नो निर्णयलाई नेपालका लागि विशेष र एकपटकका लागि गरिएको व्यवस्था भएको स्पष्ट गरेको छ । साथै, भविष्यमा यस्ता विषयमा यही निर्णयलाई नजिरका रूपमा नलिइने पनि पत्रमा उल्लेख छ ।

गाभीले हालसम्म नेपाललाई ५५० मिलियन अमेरिकी डलरभन्दा बढी बराबरको सहयोग उपलब्ध गराइसकेको छ । उक्त सहयोगबाट नेपालमा नियमित खोप कार्यक्रम सञ्चालन, नयाँ खोपको सुरुआत तथा विस्तार, कोल्ड चेन (खोप भण्डारण तथा ढुवानी प्रणाली) सुदृढीकरण, खोप खरिद, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, खोप आपूर्ति व्यवस्थापन तथा कोभिड-१९ विरुद्धको खोप अभियानलगायतका कार्यक्रम सञ्चालनमा सहयोग पुगेको छ ।

नेपाल र गाभीबीच सन् २०१४ मा साझेदारी ढाँचामा हस्ताक्षर भएपछि गाभी सहयोगमा सञ्चालित कार्यक्रमको व्यवस्थापन तथा वित्तीय प्रणालीको समीक्षा गर्ने क्रममा सन् २०२२ मा विशेष लेखापरीक्षण गरिएको थियो ।

उक्त लेखापरीक्षणले आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्मको अवधिलाई समेटेको थियो । लेखापरीक्षण टोलीले स्वास्थ्य सेवा विभागसहित २२ वटा कार्यान्वयन निकायको स्थलगत अध्ययन तथा परीक्षण गरेको थियो ।

प्रारम्भिक लेखापरीक्षणपछि आवश्यक वित्तीय कागजात तथा अभिलेख सङ्कलन गरी पुन:परीक्षणको अनुरोध गरिएको थियो । त्यसअनुसार गाभीको लेखापरीक्षण टोली सन् २०२४ अप्रिल २२ देखि मे १ सम्म पुन:नेपाल आएर 'फलोअप' लेखापरीक्षण सम्पन्न गरेको थियो । पुन:परीक्षणपछि गाभीले १३ नोभेम्बर २०२४ मा तत्कालीन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गर्दै तीन लाख आठ हजार २७१ अमेरिकी डलर सम्बन्धमा नेपालको प्रतिबद्धता तथा भुक्तानी योजना माग गरेको थियो ।

यस विषयलाई समाधान गर्न स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विश्व स्वास्थ्य सभाका क्रममा गाभीका प्रमुखहरूसँग प्रत्यक्ष छलफल गर्नुभएको थियो । यसपछि ४ जुन २०२६ मा समाधानको प्रस्तावसहित औपचारिक पत्राचार गरिएको थियो ।

सोही छलफल र निरन्तर समन्वयपछि गाभीले नेपालले प्रस्तुत गरेको प्रस्ताव स्वीकार गर्दै उक्त रकम फिर्ता नमाग्ने तथा गाभी ६.० अन्तर्गत नेपालले प्राप्त गर्ने आगामी नगद सहयोगबाट समायोजन गर्ने निर्णय गरेको हो ।

गाभीले आफ्नो पत्रमा राष्ट्रिय खोप कार्यक्रमप्रतिको प्रतिबद्धता, खोप सेवाको विस्तार, वित्तीय व्यवस्थापन, लेखापरीक्षणका सुझावको समयमै कार्यान्वयन तथा कार्यक्रम सञ्चालनमा सुधारका लागि चालिएका प्रयासको प्रशंसा गरेको छ । साथै, नेपालसँगको दीर्घकालीन सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । सम्बन्धित निकायका अनुसार उक्त निर्णयले नेपाल-गाभी साझेदारीलाई थप सुदृढ बनाउनुका साथै राष्ट्रिय खोप कार्यक्रमको दिगोपन र आगामी स्वास्थ्य कार्यक्रम सञ्चालनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ । रासस

# गुरु गणेशको वार्षिक नीति तथा बजेट तर्जुमा कार्यक्रम



भक्तपुर, ९ साउन । गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०८३/०८४ को वार्षिक नीति तथा बजेट तर्जुमा कार्यक्रम एक समारोहबिच शनिबार सम्पन्न भयो ।

कार्यक्रममा सल्लाहकार रामकृष्ण प्रजापतिले नीति तथा कार्यक्रम र बजेट तर्जुमाको विषयमा बोल्दै उहाँले बचत तथा ऋण सहकारी संस्थाको बजेट यथार्थपरक, जोखिम व्यवस्थापनमुखी र तरलता संरक्षणमा केन्द्रित हुनुपर्छ भन्नुभयो ।

उहाँले बजेट तयार गर्दा सहकारीको सिद्धान्त, मूल्य, कानुनी आधार, संस्थाको रणनीतिक योजना, अघिल्ला वर्षहरूको वित्तीय विश्लेषण, यथार्थपरक अनुमान, आर्थिक अवस्थाको प्रभाव, मितव्ययिता, खर्च नियन्त्रण, जोखिम व्यवस्थापन, प्रत्येक कार्यक्रमका लागि स्पष्ट लक्ष्य र सन्तुलित बजेटको सिद्धान्त तथा कार्यसम्पादनमा आधारित बजेटमा ध्यान दिनुपर्छ भन्नुभयो । उहाँले सैद्धान्तिक आधारहरूलाई अपनाएर तयार गरिएको बजेटले संस्थालाई आर्थिक अनुशासन, पारदर्शिता, दिगोपन र सदस्यहरूको विश्वास कायम राख्न मद्दत गर्छ भन्नुभयो ।

कार्यक्रममा अध्यक्ष कृष्णराम कासिछ्वाले गत आ.व.मा करिब ३७ लाख नाफा भएको बताउँदै अब आउने साधारणसभामा अधिवेशन समेत हुने भएकोले निर्वाचन समिति बनाएर अगाडि बढ्ने कुरा बताउनुभयो ।

नीति तथा कार्यक्रम र बजेट तर्जुमा उपसमितिका संयोजक एवम् कोषाध्यक्ष तुल्सीकेशरी प्रजापतिले आगामी वर्षको लागि रु. १३ करोडको अनुमानित बजेट पेश गरेको बताउनुभयो ।

कार्यक्रममा सचिव सत्यराम झामरु, लेखा समिति संयोजक हरिकृष्ण प्रजापति, संस्थापक अध्यक्ष एवम् सदस्य रामकृष्ण लावजु, चम्पा झामरु, सिध्दान्त प्रजापति, राजु सिं बजिर्को, लेखा समिति सदस्य सिता कोजु, राजन चित्रकार र प्रबन्धक गौतम कुटुवाजुले बजेट सदस्यमुखी र राम्रो बनाउनेबारे सुझाव दिनुभएका थिए ।

# मधेस प्रदेश सरकारको जनलोकपाल आयोगद्वारा १५ मुद्दा फैसला

जनकपुरधाम, ९ साउन । मधेस प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२/८३ मा १५ वटा मुद्दा फैसला गरेको छ । स्थापनाकालदेखि न्यून जनशक्ति, भौतिक संरचनाको अभावलगायत समस्या झेल्दै आएको आयोगले आव २०८२/८३ मा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी ५१ उजुरी दर्ता भएकामा १५ वटाको फैसला गरेको हो ।

आयोगका सूचना अधिकारी प्रसन्नराज कर्णका अनुसार यहाँ दर्ता भएका उजुरीहरूको अध्ययन र छानबिन गरी १५ वटाको फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाइएको छ । अन्य उजुरीउपर छानबिन भइरहेको उहाँले बताउनुभयो ।

आयोगमा गत आव २०८१/८२ मा भ्रष्टाचार र अनियमिततासम्बन्धी ५६ उजुरी दर्ता भएकामा १० वटा फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाएको थियो ।

आयोगमा सबैभन्दा बढी स्थानीय तह र प्रदेश सरकारका निकायहरूमा भ्रष्टाचार, अवैध सम्पत्ति आर्जन, प्रशासनिक अनियमिततासम्बन्धी उजुरी आउने गरेका सूचना अधिकारी कर्णको भनाइ छ । उहाँका अनुसार अनलाइनमार्फत पनि आयोगमा उजुरी दर्ता हुने गरेका छन् ।

गत २०७८ भदौमा स्थापना भएको सो आयोगमा बर्सेनि अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरी बढ्दै गएपनि कार्यालयका लागि भौतिक संरचनाको अभाव, सुरक्षाकर्मीसहितको जनशक्ति आभावलगायत कारणले उजुरीको अध्ययन र छानबिन गर्न समस्या भइरहेको आयोगका अध्यक्ष रामसहायराय यादवले जानकारी दिनुभयो ।

प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थाहरूमा भएको अनियमितता छानबिन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छानबिन गरी फैसला गर्न कठिनाइ भइरहेको उहाँको भनाइ छ ।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लामा स्थानीय तहबाट सञ्चालित विकासीय योजनामा भ्रष्टाचार हुने गरेको तथा नियुक्ति प्रक्रियामा अनियमितता भएको विषयमा बढी उजुरी दर्ता हुने गरेको अध्यक्ष यादवले जानकारी दिनुभयो ।

"आयोगमा ३३ जना कर्मचारीको दरबन्दी छ, तर अहिले कार्यालय प्रमुखसहित १५ कर्मचारी कार्यरत छन्", आयोगका अध्यक्ष यादवले भन्नुभयो, "एकातिर उजुरी बढी आइरहेको छ भने अर्कोतिर कर्मचारी अभावका कारण दर्ता भएका उजुरी अध्ययन गर्न समस्या भइरहेको छ ।"

नियमावली र कर्मचारी पठाउन पटकपटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म सुनुवाइ नभएको उहाँको गुनासो छ । "मुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापामारी गर्न प्रहरी चाहिन्छ", अध्यक्ष यादवले भन्नुभयो, "अहिले हामीसँग कानुनमा विज्ञता हासिल गरेका कर्मचारी र प्रहरीको अभाव छ । त्यसैले काम गर्न सकस भइरहेको छ ।"

प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित उक्त आयोगको अध्यक्षमा यादव, सदस्यमा सुजाता विमल र सञ्जीव झा हुनुहुन्छ ।

## सङ्क्षिप्त समाचार

## खाद्य उत्पादक नै वस्तुको पहिलो अनुगमनकर्ता

कर्णाली, ९ साउन । तल्लो तहका व्यापारदेखि ठूलो होटलसम्मको अनुगमन गरी खाद्यवस्तुको गुणस्तर कायम, व्यापार व्यवसायीलाई जिम्मेवार बन्न र उपभोक्तालाई सचेत गराउनुपर्नेमा सुझाव दिइएका थिए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतद्वारा शुक्रबार वीरेन्द्रनगरमा आयोजित गत आव ०८२/०८३ मा वार्षिक प्रगति समीक्षा कार्यक्रममा सो सुझाव दिइएको हो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले खाद्य उत्पादक नै वस्तुको पहिलो अनुगमन कर्ता भएको बताउनुभयो । उहाँले उत्पादक, भण्डारक र वितरकसम्म जिम्मेवार भए उपभोग्य वस्तुको गुणस्तरमा कमी नहुने बताउनुभयो । प्रशासनको अनुगमन सुधारात्मक भएको बताउँदै उहाँले एकैपटकम दण्डात्मक उपचार राम्रो नहुने जनाउनुभयो ।

उहाँले भन्नुभयो, "हरेक व्यक्तिले आफ्नो आहारविहार अर्थात् आनीबानी परिवर्तन गर्न जरुरी छ । अन्नको प्रभावले शरीर मात्र होइन, मनलाई पनि असर गरिरहेको हुन्छ । तसर्थ हामीले प्रयोग गर्ने खाद्य वस्तुको गुणस्तर र उत्पादकत्व दुवै राम्रो हुनुपर्दछ ।"

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख श्रीराम न्यौपानेले सुर्खेत कार्यालयले दश जिल्लाको अवस्था हेर्दा अपेक्षित प्रतिफल निस्कन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "जनशक्ति र साधन स्रोतको अवस्था सीमित छ । दरबन्दी करिब ५० प्रतिशत कम छ यद्यपि काम नगरी पनि सुख छैन ।" पछिल्लो समयमा यहाँका ठूला होटलदेखि बजारका ससाना व्यवसायीको उत्पादन र वितरणको गुणस्तर जाँच गरी उपभोक्तालाई सचेतना जगाएको उहाँले बताउनुभयो । समीक्षा कार्यक्रममा कार्यालयका खाद्य अनुसन्धान अधिकृत सन्तोष दाहालले कार्यालयले गत आव ०८२/०८३ मा गरेका काम, भएको उपलब्धि एवं प्रगति र देखिएका चुनौति तथा समस्या समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## मुगु कार्मारोङमा गएको पहिरोमा परी बालकको मृत्यु

कर्णाली, ९ साउन । मुगुको कार्मारोङमा गाउँपालिका-५ पुलु बजारमा गएको ढुङ्गासहितको पहिरोमा च्यापिएर एक जना बालकको मृत्यु भएको छ । रारा छायाँनाथ नगरपालिका-१३ तिर्प घर भई पुलु बजारस्थित पेमा लामाको घरमा होटल व्यवसाय गर्दै आएका ३२ वर्षीय जगनाथ बडुवालका तीन वर्षीय छोरा रमेश बडुवालको मृत्यु भएको जिल्ला प्रहरी मुगुका प्रमुख प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार शनिबार बिहान गएको पहिरोमा च्यापिएका रमेशलाई प्रहरी चौकी डोल्फुबाट खटिएको प्रहरी नायब निरीक्षक वीरबहादुर चन्द नेतृत्वको टोलीले स्थानीयको सहयोगमा उद्धार गरेको थियो । उद्धारपछि उपचारका लागि नजिकैको स्वास्थ्य चौकी लगिएकामा बालकको उपचारका क्रममा मृत्यु भएको उहाँले बताउनुभयो ।

उक्त पहिरोबाट जगनाथ र उहाँकी श्रीमती सिर्जना बडुवाललाई सामान्य चोट लागेको छ । लामाको घर पूर्णरूपले क्षति भएको र अन्य आठ घर पहिरोको जोखिममा रहेका जनाउँदै प्रहरी नायब उपरीक्षक थपलियाले ती घरका परिवारलाई आफन्तकोमा र बाँकी आठ जनालाई पुलु स्वास्थ्य चौकीमा राखिएको बताउनुभयो ।

घटनाको थप अनुसन्धान तथा उद्धारका लागि मुगुबाट प्रहरी निरीक्षक पदमबहादुर खत्रीको नेतृत्वमा पाँच र प्रहरी चौकी छायलबाट प्रहरी हवल्दार गोपाल सार्कीको नेतृत्वमा पाँच जनाको टोली घटनास्थलतर्फ पठाइएको छ । पुलु पुग्न मुगु सदरमुकामबाट सात घण्टा पैदल हिँड्नुपर्छ । रासस

## 'घुमुवा प्रहरी हुँ' भनी ठगी गर्ने पक्राउ

लुम्बिनी, ९ साउन । नक्कली रिभल्भर देखाएर 'घुमुवा प्रहरी हुँ' भनी ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं १३ घर भई हाल ओमसतिया-४ स्थित बालापुरमा बस्दै आएका ४९ वर्षीय राकेशप्रताप राणालाई पक्राउ गरेको हो ।


भैरहवास्थित बजारमा 'म जिल्ला प्रहरी कार्यालय रुपन्देहीको घुमुवा हुँ' भन्दै पेस्तोल देखाई बजारमा रु. १० हजार पैसा मगिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरी टोलीले राणालाई नियन्त्रणमा लिएको लिएको थियो । राणालाई नियन्त्रणमा लिई कानुन बमोजिम खानतलासी गर्दा निजले कोठामा लुकाई छिपाई राखेको नक्कली रिभल्वर थान-१, नक्कली सवारी चालक अनुमतिपत्र थान-१, लागु औषध गाँजासमेत परामद गरिएको प्रहरीले जनाएको छ । रासस

## न्यूजिल्यान्ड र पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

काठमाडौँ, ९ साउन । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी न्यूजिल्याण्ड र पोर्चुगल पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ तारकेश्वर नगरपालिका-१० बस्ने रूपन्देही घर भएका ५१ वर्षीय राजकुमार भण्डारी र काठमाडौँ बुढानिलकण्ठ नगरपालिका-१२ बस्ने ओखलढुङ्गा घर भएका २९ वर्षीय सुरेश घिमिरेलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउमध्ये राज कुमारले न्यूजिल्यान्ड पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट रु. तीन लाख र सुरेशले पोर्चुगल पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु. १८ लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले राज कुमारलाई काठमाडौँ तारकेश्वर नगरपालिका-१० बाट र सुरेशलाई काठमाडौँ महानगरपालिका-७ बाट पक्राउ गरेको हो ।



**मातातीर्थको सत्तल**
चन्द्रागिरि नगरपालिका-८ स्थित तीर्थस्थल मातातीर्थ कुण्ड परिसरमा रहेको सत्तल (पाटी) लाई जीर्णोद्वार गरिँदै । विसं २०७२ को भूकम्पले केही क्षति पुऱ्याएको सत्तलमा तामाको छानो हाल्ने काम अन्तिम चरणमा पुगेको छ । *तस्बिर : विष्णु नेपाल /रासस*

# गुणस्तरहीन खाद्यान्न उत्पादन र बिक्री गर्ने ६२ उद्योगी व्यापारीविरुद्ध मुद्दा दायर

जनकपुरधाम, ९ साउन । गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेस प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ । उहाँका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अनुगमनका क्रममा सङ्कलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएको खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लङ्घन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताउनुभयो ।

आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९ खाद्य नमुना सङ्कलन गरिएको थियो । तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ ।

सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिनुभयो ।

खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरेको जनाएको छ । यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ । नमुना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु. ३८ लाख ३६ हजार १७० राजस्व सङ्कलन भएको प्रमुख दाहालले बताउनुभयो ।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. चार लाख २० हजार जरिवाना गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी, सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु. छ लाख ६७ हजार जरिवाना गरिएको थियो । कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ ।

# संयुक्त राष्ट्रसङ्घीय दिगो विकास सहकार्य रूपरेखा तयार गर्ने प्रक्रिया सुरु

काठमाडौँ, ९ साउन । नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घले सन् २०२८-२०३२ अवधिका लागि संयुक्त राष्ट्रसङ्घीय दिगो विकास सहकार्य रूपरेखा (युएनएसडिसिएफ) तयार गर्ने प्रक्रिया औपचारिक रूपमा सुरु गरेका छन् ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्ट र नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक लीला पिटर्स याहियाको सह-अध्यक्षतामा शुक्रबार बसेको युएनएसडिसिएफ संयुक्त निर्देशक समितिको वार्षिक बैठकले हाल कार्यान्वयनमा रहेको सहकार्य रूपरेखाको प्रगति समीक्षा गर्नुका साथै आगामी १८ महिनाका प्राथमिकता तय गरेको हो । बैठकले सन् २०२८-२०३२ को नयाँ सहकार्य रूपरेखा तयार गर्ने मार्गचित्रसमेत अनुमोदन गरेको छ ।

नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय देशीय टोलीको संयुक्त नेतृत्वमा तयार हुने नयाँ सहकार्य रूपरेखा नेपालको सोह्रौँ योजना तथा अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नतिपछिको विकास यात्रासँग समन्वय हुने जनाइएको छ । नयाँ रूपरेखामा आगामी जुलाईमा हस्ताक्षर गर्ने लक्ष्य राखिएको छ ।

बैठकमा उपाध्यक्ष डा. भट्टले दिगो विकास लक्ष्य (एसडिजी) कार्यान्वयन, एलडिसी स्तरोन्नतिको तयारी, दिगो विकासका लागि वित्तीय स्रोत परिचालन, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा संस्थागत सुदृढीकरणमा संयुक्त राष्ट्रसङ्घले पुऱ्याएको सहयोगको प्रशंसा गर्नुभयो ।

उहाँले जनसाङ्ख्यिकीय लाभांश, तीव्र डिजिटल रूपान्तरण, स्वच्छ ऊर्जाको सम्भावना तथा गैरआवासीय नेपालीको विश्वव्यापी सञ्जाललाई नेपालको दीर्घकालीन समृद्धिका महत्त्वपूर्ण आधारका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

नयाँ सहकार्य रूपरेखा राष्ट्रिय प्राथमिकतासँग पूर्ण रूपमा मेल खाने, प्रमाणमा आधारित तथा नेपालको विकास आवश्यकता र आकाङ्क्षालाई सम्बोधन गर्ने गरी तयार गरिनुपर्ने उहाँको भनाइ थियो ।

बैठकमा हालको सहकार्य रूपरेखामार्फत हासिल भएका उपलब्धिको पनि समीक्षा गरिएको थियो । जलवायु परिवर्तन वित्तीय रूपरेखा, राष्ट्रिय निर्धारित योगदान (एनडिसी ३.०), 'लिभिङ सगरमाथा माउन्टेन रेजिलियन्स स्ट्राटेजी' तथा पूर्वतयारीमा आधारित विपद् व्यवस्थापनमार्फत जलवायु तथा विपद् प्रतिरोधी क्षमता अभिवृद्धि भएको उल्लेख गरिएको छ ।

त्यस्तै, विद्यालय दिवा खाजालाई स्थानीय कृषि उत्पादनसँग जोड्ने राष्ट्रिय नमुना विकास, महिला तथा युवाका लागि सीप विकास, वित्तीय पहुँच र उद्यमशीलता प्रवर्द्धन, निजी क्षेत्रको सहभागिता तथा रोजगारी सिर्जना, बालविवाह अन्त्य, लैङ्गिक हिंसा न्यूनीकरण, महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि (सिड) कार्ययोजना, कानुनी पहिचान सुधार तथा निर्वाचन सहयोगका क्षेत्रमा उल्लेखनीय प्रगति भएको जानकारी दिइएको छ ।

संयुक्त राष्ट्रसङ्घ र नेपाल सरकारको सहकार्यबाट रुबेला उन्मूलन, कालाजार नियन्त्रणलाई निरन्तरता तथा लाखौँ बालबालिका र किशोरीको खोप अभियान सफल भएको उल्लेख गर्दै यी उपलब्धिले मानव पुँजी विकास र समावेशी आर्थिक समृद्धिमा थप लगानी गर्न आधार प्रदान गर्ने जनाइएको छ ।

बैठकमा सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने समयसीमा नजिकिँदै गएको तथा एलडिसी स्तरोन्नति पनि समीप रहेका सन्दर्भमा महिलाको आर्थिक सहभागिता विस्तार, युवाका लागि सीप विकास र मर्यादित रोजगारी, उद्यमशीलता तथा साना-मझौला उद्यम प्रवर्द्धन, जलवायुमैत्री विकास र डिजिटल रूपान्तरणलाई तीव्रता दिने विषयमा छलफल भएको थियो ।

विश्वव्यापी रूपमा वैदेशिक विकास सहायता घट्दै गएको अवस्थामा उपलब्ध स्रोतको प्रभावकारी उपयोग, पुँजीगत खर्चको कार्यसम्पादन सुधार, आयोजना कार्यान्वयनमा तीव्रता तथा नवीन वित्तीय स्रोत परिचालनमा नेपाल सरकारलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक याहियाले दिगो विकास लक्ष्यको तीव्र कार्यान्वयनले आर्थिक वृद्धि, उत्थानशील क्षमता अभिवृद्धि तथा एलडिसि स्तरोन्नतिलाई सहज बनाउने बताउनुभयो । उहाँले महिला र युवामा लगानी, सीप विकास, मर्यादित रोजगारी, उद्यमशीलता, जलवायुमैत्री तथा डिजिटल अर्थतन्त्रको विकासलाई मानवअधिकार, लैङ्गिक समानता र समावेशितासँग जोडेर अघि बढाउनसके नेपालले थप उत्थानशील, समृद्ध र समावेशी भविष्य निर्माण गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो । रासस

। सम्पादकीय ।

# इरानमाथि पुनः युद्ध थोप्दै अमेरिकी साम्राज्यवाद

पश्चिम एसियाको भूराजनीतिक रङ्गमञ्चमा केही समयदेखि थामिएको जस्तो देखिएको युद्ध पुनः एकपटक भयानक रूपमा भड्किएको छ । सन् २०२६ को अप्रिल महिनामा भएको युद्धविराम र द्विपक्षीय समझदारी पत्रसँगै केही समय शान्त बनेको अमेरिका–इजरायलले इरानमाथि जबरजस्ती थोपरेको युद्ध एकाएक विस्फोटको बिन्दुमा पुगेको छ । पछिल्लो केही दिनमा भएका सैन्य आक्रमण र प्रत्याक्रमणका शृङ्खलाहरूले यस क्षेत्रलाई पूर्णकालीन क्षेत्रीय युद्धको सङ्घारमा धकेलिदिएको छ ।

बहराइन र कुवेतमा मध्यरातदेखि बजिरहेका हवाई आक्रमणका चेतावनी सूचक 'साइरन' हरू, इरानी भूमिमा अमेरिकी लडाकु विमान र ड्रोनहरूको भीषण बमबारी र स्ट्रेट अफ हममा व्यापारिक जहाजहरूमाथि आक्रमणका घटनाहरूले युद्धलाई स्थायी विराम दिने कूटनीतिक प्रयासहरू लगभग असफल भइसकेका छन् भन्ने सङ्केत गर्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टर्कीको राजधानी अङ्कारामा जारी नेटो (NATO) शिखर सम्मेलनकै बिच इरानमाथि 'शक्तिशाली प्रहार' गरिएको घोषणा गरेका थिए । उता इरानले पनि अमेरिकी सैन्य अखडालाई निशाना बनाउँदै भयानक प्रत्याक्रमण गरेर अमेरिकी आक्रमणको तीव्र बदला लिइरहेको छ ।

पश्चिम एसियामा युद्ध पुनः भड्किनुमा संरा अमेरिकाको साम्राज्यवादी नीति जिम्मेवार छ । रणनीतिक र आर्थिक रूपमा निकै महत्त्वपूर्ण जलमार्ग स्ट्रेट अफ हर्मुजको नियन्त्रण र गत अप्रिलमा अमेरिका र इरानबिच भएको समझदारी पत्रको गलत व्याख्या गर्दै अमेरिकी साम्राज्यवाद स्वाधीन र स्वाभिमानी राष्ट्र इरानबाट आत्मसमर्पणको अपेक्षा गरिरहेको छ । समझदारी पत्रको मर्मविपरीत द्वन्द्वको सुरुवात गर्दै गत जून २४ मा ओमान र संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय समुद्री सङ्गठनले खाडीमा फसेका जहाजहरू सुरक्षित रूपमा बाहिर निकाल्न ओमानको तट हुँदै एउटा अस्थायी करिडोर (मार्ग) को घोषणा गरेका थिए । त्यसको सुरक्षाको जिम्मा अमेरिकाले लिएको थियो । इरानले यस कदमलाई आफ्नो सार्वभौमिकतामाथिको हस्तक्षेप भन्दै तत्कालै अस्वीकार गऱ्यो र आफ्नो अनुमतिबिना कुनै पनि जहाजलाई सो मार्ग प्रयोग नगर्न चेतावनी दियो ।

जून महिनाको अन्त्यतिर सो ओमान मार्ग प्रयोग गर्ने दुई जहाजमाथि आक्रमण भएपछि समझदारी पत्रको कार्यान्वयनको वार्ता रोकिएको थियो । त्यसैलाई बहाना बनाई २६ र २७ जूनमा अमेरिकाले इरानी तटीय सहर र रणनीतिक रूपमा महत्त्वपूर्ण स्थानहरूमा हमला गऱ्यो, जसको जवाफमा इरानले बहराइन र कुवेतमा रहेका अमेरिकी अखडातर्फ मिसाइल प्रहार गऱ्यो । जून २८ मा केही समयका लागि युद्ध थामिए पनि र जुलाई १ मा कतारमा अप्रत्यक्ष प्राविधिक वार्ता भए पनि त्यसले निकास दिन सकेन । गत मङ्गलबार स्ट्रेट अफ हर्मुजमा कतारी र साउदी ट्याङ्करसहित तीनवटा व्यापारिक जहाजमाथि पुनः आक्रमण भयो । अमेरिकाले यसको सीधा दोष इरानमाथि थोपर्दै इरानी सैन्य संरचना ध्वस्त पार्ने गरी भीषण हवाई हमला सुरु गऱ्यो । वास्तवमा अगाडिको युद्धमा इरानी प्रत्याक्रमणबाट तिल्मिलाएका साम्राज्यवादीहरूले समय किन्नलाई मात्र वार्ताको नाटक रचेको उदाङ्गो भएको छ । अमेरिकी शासकहरू इरानमाथि व्यापक बमबारी गरेर ध्वस्त पार्न अहिले नाटो देशहरूसित सहकार्यको निम्ति कसरत गरिरहेका छन् । अमेरिकी शासकहरूलाई आफ्नो अनुकूल फर्काउन सकेकोमा बेन्जामिन नेतन्याहु र इजरायली युद्धअपराधीहरू खुसी मनाइरहेका छन्, इरानबाट फुर्सद मिलेपछि पुनः गाजा र पश्चिम किनाराका प्यालेस्टिनी जनताको हत्या गरिरहेका छन् ।

अहिले दुवै पक्षले एकअर्कामाथि अभूतपूर्व सैन्य शक्ति प्रयोग गरिरहेका छन् । अमेरिकी सेन्ट्रल कमान्ड (CENTCOM) ले इरानभित्र २००० भन्दा बढी रणनीतिक लक्ष्यहरूमा आक्रमण गरेको दाबी गरेको छ । अमेरिकी वायुसेनाले इरानको दक्षिणी प्रान्तहरूमा पुल, पेट्रोलियम प्रशोधन केन्द्र, जलविद्युत् केन्द्र, उद्योगधन्दा इत्यादि पूर्वाधारमाथि व्यापक हमला गरिरहेको छ । अमेरिकी आक्रमणबाट इरानी सेना र सर्वसाधारणको हताहति दिनप्रतिदिन बढ्दै गएको छ ।

# संविधान संशोधनबारे व्यापक छलफलको आवश्यकता

✍ विवेक

नेपालको संविधान जारी भएको ११ वर्ष भयो । २०६२/६३ को जनआन्दोलनको जगमा बनेका दलहरूको सरकारले २०७२ असोज ३ गते नयाँ संविधान जारी गरेको थियो । सामान्य अवस्थामा समेत हरेक दश वर्षमा एक पटक संविधान वा कानुनहरूको संशोधन आवश्यक हुने गर्दछ । तर, नेपालमा आन्दोलन वा विद्रोह नहोउञ्जेल संविधान संशोधनबारे कसैले कुरा उठाउँदैनन् । एक समयमा असाध्य महत्त्व राख्ने विषय अर्को समयमा त्यसको औचित्यता समाप्त भइसकेको हुन सक्छ । समयअनुसार संविधान वा कानुनको परिवर्तन आवश्यक छ । संविधानका हरेक धारा समयको माग र जनताको आवश्यकता पूरा गर्ने हुनुपर्छ । नत्र त्यो जतिसुकै राम्रो भए पनि कार्यान्वयनमा आउन सकिँदैन ।

२०८२ भदौ २३ र २४ गतेको घटनापछि देशमा फरक दृश्य देखियो । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रतिनिधिसभामा झण्डै दुईतिहाइ मत हासिल गरेपछि संविधान संशोधनको माग जोडले उठ्यो । प्रधानमन्त्री बालेन शाहको सल्लाहकार असिम शाहको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल नै गठन गर्‍यो । तर, त्यो कार्यदलले सबै राजनीतिक दलहरूसँग व्यापक छलफल र अन्तरक्रियाहरू गरी काम गर्न सकेन र कार्यदलको औचित्य पुष्टि हुन सकेन ।

संसद्का प्रमुख प्रतिपक्ष दल नेकाले कार्यदलमा कुनै प्रतिनिधि नपठाई कार्यदललाई अस्विकार गर्‍यो भने प्रतिनिधि पठाइएको एमालेले प्रतिनिधि तोकेर पनि बैठकमा सहभागी नभई कार्यदललाई असहयोग गर्‍यो । नेकपा, लोसपा, जसपा नेपाल, राष्ट्रिय जनमोर्चाका प्रतिनिधिहरू पनि कार्य पूरा नहुँदै समितिबाट बाहिरिए । दलीय व्यवस्थामा राजनीतिक दलका प्रतिनिधिहरूको प्रतिनिधित्व बिनाको कार्यदलको कुनै अर्थ हुँदैन । दलहरूले आन्दोलन गरेर ल्याएको यस व्यवस्थामा प्रमुख दलहरूको सहभागिताविनाको कार्यदलले पेश गरेको प्रतिवेदन कागजको खोस्टाबाहेक केही अर्थ राख्दैन ।

अहिले प्रतिनिधि सभामा रहेका वा नरहेका राजनीतिक दलहरूले देशको राजनीतिक परिवर्तनमा कुनै न कुनै समयमा महत्त्वपूर्ण भूमिका खेलेका थिए र अहिले पनि खेल्दै छन् । एक पटक निर्वाचन जितेँमा अरूको योगदानलाई अवमूल्यन गर्नु हुँदैन । सबै मानिस राजनीतिक दलमा लाग्छन् भन्ने पनि होइन । राजनीतिक दलमा नलागेर स्वतन्त्र बुद्धिजीवीका रूपमा रहेका कैयौं कानुनका विज्ञहरू र धेरै बौद्धिक व्यक्तित्वहरू पनि समाजमा छन् । संविधान संशोधन वा पुनर्लेखनमा त्यस्ता व्यक्तित्वहरूको विचारलाई पनि समेट्न सक्नुपर्दछ । त्यस्ता व्यक्तित्वहरूको राय, सल्लाह र सुझाव लिन पनि कार्यदल वा आयोग पछि पर्नु हुन्न । जति बढी मानिसहरूको सहभागिता त्यति नै बढीले संविधानमा अपनत्व महसुस गर्छन् । जति धेरै मानिसहरूले अपनत्व ग्रहण गर्छन् संविधानको सफलता पनि त्यसैमा निर्भर रहन्छ ।

कुनै पार्टीले निर्वाचनमा दुईतिहाइ जितेँमा त्यो सरकार चिरस्थायी हुन्छ भन्ने होइन । भदौ २३ र २४ गतेअघि केपी ओलीले आफ्नो नेतृत्वको सरकार तोप पड्काए पनि ढल्दैन भनेका थिए । एमाले र नेकासमेतको त्यो संयुक्त सरकार पनि दुईतिहाइ बहुमतकै थियो । तर, दुई दिनमै ढल्यो । अहिलेको रास्वपाको सरकार पनि ५ वर्षसम्म जाने कुनै सुनिश्चितता छैन । जति राजनीतिक दलहरूसँग सहकार्य र समन्वयमा काम गर्न सक्यो त्यति सरकारको आयु बढी लामो हुनेछ । अहिले दुईतिहाइको दम्भ रास्वपाका नेताहरूमा देखिँदै छ । त्यो उनीहरूको पतनको बाटो हो । समयमा विचार पुयाउन सकिएन भने उनीहरूको पतनलाई कसैले रोक्न सक्दैन ।

संविधान संशोधन सबैको चाहना हो । त्यो समयअनुसार हुन पनि पर्छ । संविधानका कुन–कुन धाराहरूमा संशोधन गर्ने भन्ने विषयले महत्त्वपूर्ण अर्थ राख्छ । शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताहरू निःशुल्क हुनुपर्छ, प्रत्येक व्यक्तिलाई रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, घरबारविहीनका लागि बसोबासको सुनिश्चितता, स्वच्छ हावा, पानी र वातावरणमा बाँच्न पाउने हक र खानाको सुनिश्चितता सबै नागरिकहरूका लागि अनिवार्य आवश्यकताहरू हुन् । प्रत्येकको लागि योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्तले नेपाली युवाहरू देश छोडेर विदेशमा जानेहरूको सङ्ख्यामा कमी ल्याउनेछ । यस्ता विषयहरूका लागि संविधान संशोधन जरुरी छ । व्यापक जनताको हित चाहने सरकारले यी र यस्ता विषयहरूलाई संविधान संशोधनमा समेट्ने गर्छ । संविधान संशोधन कार्यदलमा यी कुनै पनि विषयहरू समेटिएको पाइँदैन ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, प्रदेश खारेजी, पूर्ण समानुपातिक निर्वाचन प्रणालीजस्ता राजनीतिक विषयवस्तुहरूमा व्यापक छलफलको आवश्यकता छ । ती विषयहरूले देशको दीर्घकालीन हितमा असर पर्ने भएको हुँदा कुनै दल विशेषको माग हुँदैमा संविधानमा समेटिहाल्नुपर्छ भन्ने होइन । संसदीय प्रणालीमा निर्वाचित प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुन्छ, संसद्मा उपस्थित भएर सांसदहरूले सोधेका प्रश्नहरूमा जवाफ दिनुपर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा त्यो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने हुँदैन । नेपालमा पनि अमेरिकाको ट्रम्प वा युक्रेनका जेलेन्स्कीजस्तै राष्ट्रपति वा प्रधानमन्त्री निर्वाचित भएमा देशको हालत के हुन्छ ? यसबारे बौद्धिक जगतमा चर्चा छ ।

बालेन्द्र साह संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन् । उनले संसद्को सम्मान गरेनन् । राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहेका बेला संसद्बाट बाहिरिनु, संसद्मा प्रधानमन्त्रीले जवाफ दिनुपर्ने समयमा एकजना मन्त्रीलाई जवाफ दिन लगाउनु, सभामुखलाई समेत जानकारी नदिई अचानक संसद्मा उपस्थित भएर देशघाती अभिव्यक्ति दिनु यसका उदाहरणहरू हुन् । प्रधानमन्त्रीको व्यवहारले बालेन्द्र साह आफू संसद्बाट निर्वाचित होइन, बरु जनताबाट प्रत्यक्ष निर्वाचित भएको ठानिरहेकोजस्तो देखाउँछ । कतिपयले प्रधानमन्त्रीको व्यवहार प्रत्यक्ष कार्यकारी प्रमुख ल्याउने पूर्वाभ्यासको रूपमा पनि लिएका छन् ।

प्रतिनिधिसभामा नेका, एमाले र नेकपा कमजोर भए पनि राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय तहमा भने उनीहरू अत्यन्त शक्तिशाली छन् । तर ती पार्टीहरूले अहिले पनि राम्रो काम गर्न सकिरहेका छैनन् । प्रदेशसभा खारेजीको माग भइरहेकै बेला प्रदेश सरकारहरू परिवर्तनका फोहरी खेलहरू भइरहेका छन् । एमाले, नेका, नेकपाजस्ता शासक दलहरू सरकारको निम्ति जस्तोसुकै अनैतिक कार्य पनि गर्छन् भन्ने सन्देशकै कारण गत निर्वाचनमा जनताले रास्वपालाई भारी मत दिएका हुन् । यो कुरा ती पार्टीहरूले अहिले नै बिर्सिसकेका छन् । २०७९ सालको निर्वाचनपछिको बितेका चार वर्षमा कोसी प्रदेशमा ६ पटक, मधेसमा ५ पटक, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा ४/४ पटक, वाग्मतीमा ३ पटक तथा गण्डकीमा २ पटक सरकारहरू परिवर्तन भइसकेका छन् । यसले व्यापक जनतामा असन्तुष्टि ल्याएको छ । शासक दलहरूमा भने अझै चेत आइसकेको छैनन् । सर्पको मुखमा परेको भ्यागुटोले फट्याङ्ग्रा टिपेझैं प्रतिनिधिसभामा नगन्य प्रतिनिधित्व भइसक्दा पनि प्रदेश सरकारहरू परिवर्तनका लागि कुकुर झगडा गर्दैछन् । यो लज्जास्पद विषय हो । यही अवस्था रहिरहने हो भने नेका, एमाले, नेकपाको प्रदेशसभामा उपस्थिति पनि प्रतिनिधिसभामा भन्दा कम हुन बेर लाग्दैन ।

राप्रपाले राजसंस्था, हिन्दुधर्म, सङ्घीयता खारेजीजस्ता मागलाई उठाइरहेको छ । नेकपा, जसपा नेपाल, जनमत पार्टी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जोड दिँदै छन् । नेका र एमालेको पनि आआफ्ना धारणाहरू छन् । विचार मिल्नेहरू एक ठाउँमा बसेर संविधान संशोधनको बारे छलफल गर्ने वातावरण सरकारले बनाउन आवश्यक छ । संविधान कुनै पार्टी विशेषको घोषणापत्र होइन । त्यो त तीन करोड जनताको भाग्य र भविष्य निर्माण गर्ने दस्तावेज हो । जति बढी छलफल र अन्तरक्रिया हुन्छ त्यति नै बढी संविधानका धाराहरू परिमार्जित हुन्छन् । ढिलो भएर केही बिग्रिँदैन तर हतारमा निर्णय गरेर पछि पछुताउन नपरोस् ।

संविधान संशोधनमा अलिकति मात्रै तलमाथि भएमा त्यसले देशमा अर्को आन्दोलनको जन्म दिन सक्छ । २०६२/६३ को जनआन्दोलनपश्चात् बनेको अन्तरिम संविधानमा सङ्घीयता राख्नुपर्ने माग राखेर मधेसी दलहरूले आन्दोलन गरे । संसद्मा रहेका मधेसी दलका सबै सांसदहरू राजीनामा दिएर आन्दोलनको नेतृत्व गर्न पुगे । मधेसमा अशान्ति छायो । त्यसलाई सम्बोधन गर्न तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले संविधान संशोधन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप गर्नुपरेको थियो । त्यो इतिहासलाई बिर्सने नगरौँ ।

त्यतिबेला धेरै सांसदहरूलाई सङ्घीयता के हो ? कुन कुन देशमा लागू भएको छ ? त्यसको सकारात्मक र नकारात्मक पक्षमा कुनै छलफल नै भएन । नेताहरूको लहडमा आएको हुँदा अहिले सङ्घीयता संविधानमा व्यवस्था भएको २० वर्ष भइसक्दा पनि त्यसको राम्रो कार्यान्वयन हुन सकेको छैन । सङ्घीयताप्रति जनतामा नकारात्मक धारणाको विकास हुनु पनि त्यसैको कारण हो । बहुमतको नाउँमा जबरजस्ती संविधान संशोधन गर्न खोजियो भने त्यसले कार्यान्वयनमा समस्या ल्याउन सक्छ । यसबारे सचेत भएर मात्र संविधान संशोधनको बाटोमा अघि बढ्नु बुद्धिमानी हुनेछ ।

संविधान संशोधनमा अलिकति मात्रै तलमाथि भएमा त्यसले देशमा अर्को आन्दोलनको जन्म दिन सक्छ । २०६२/६३ को जनआन्दोलनपश्चात् बनेको अन्तरिम संविधानमा सङ्घीयता राख्नुपर्ने माग राखेर मधेसी दलहरूले आन्दोलन गरे । संसद्मा रहेका मधेसी दलका सबै सांसदहरू राजीनामा दिएर आन्दोलनको नेतृत्व गर्न पुगे । मधेसमा अशान्ति छायो । त्यसलाई सम्बोधन गर्न तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले संविधान संशोधन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप गर्नुपरेको थियो । त्यो इतिहासलाई बिर्सने नगरौँ ।

# मार्चको विद्रोह

● अन्ना लुइस स्ट्रङ


*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

**मार्चको विद्रोह**

१९५९ मार्चको मध्यतिर ल्हासामा विद्रोह चर्कियो र हारपछि विद्रोहीहरू दलाइ लामालाई साथमा लिएर भारतमा भागे । संसारभरका सञ्चारमाध्यमले तिब्बतलाई क्रूर दमन गरेको भनी प्रचार गरे । क्रूर चिनियाँ सैनिकहरूको तस्वीर भनी एउटा समाचारपत्रले सयौँ हजारौ पटक दोहोऱ्यायो, तिब्बती राष्ट्रमा काटमार, तिब्बतमा 'पचास हजार सैनिकहरूले भगवान राजा बस्नका लागि मानिसहरूको शिकार' जस्ता शब्दहरू खर्चे । पेचिङ छोड्नुभन्दा अघि नै यी सबै काम नलाग्ने गलफत्याइँबारे हामीलाई जानकारी थियो । एपेइले बताए, दलाइ लामालाई छोडाउन कुनै कसर बाँकी राखेन । तथापि, 'उनलाई सैनिक विद्रोहीबाट छुटाउने प्रयासले उनको जीवन खतरामा पर्नसक्थ्यो ।' दलाइ लामाको भारत प्रस्थानबाट पेचिङमा कुनै फरक नपरेको र उनको अनुपस्थितिले आउँदो सुधारका कार्यहरू गर्न अझ सजिलो हुने बताइयो ।

ल्हासामा विद्रोहीहरूको जम्मा सङ्ख्या २०,००० थियो र तिनीहरू ल्हासा र लोकामा केन्द्रित थिए । त्यस क्षेत्रहरूमा जनमुक्ति सेनाका सिपाहीहरूको सङ्ख्या ५,००० मात्र थियो । विशेषगरी ल्हासामा जम्मा १० कम्पनी जनमुक्ति सेनामध्ये दुई कम्पनी जगेडा र हातहातियार लिएका एक सैनिक टुकडी गरी जम्मा १,५०० सिपाहीहरू थिए । ७,००० विद्रोहीहरूलाई त्यति सेनाले सजिलै ४७ घण्टामा हरायो ।

हताहतको तथ्याङ्क उपलब्ध थिएन तर 'थोक प्रचारकर्ता' पश्चिमी सञ्चारमाध्यमले साधारण घाइतेबाहेक जम्मा ६०




विद्रोहीहरू घाइते भई अस्पताल पुगेको प्रचार गऱ्यो । पछि घाइते र मारिने विद्रोहीहरू ६०० पुग्ने एक सैनिक अधिकारीले बताए ।

युद्धको आकार अथवा हताहत हुनेहरूको सङ्ख्याभन्दा पनि भविष्यका लागि त्यो जीत महत्त्वपूर्ण थियो । तिब्बतको स्थानीय सरकार, कासागका ६ जनामा ४ जना कालुनहरूले विद्रोहको नेतृत्व गरेका थिए र पछि भारतमा भागेर गए । यसले गर्दा तिब्बतको राजनैतिक संरचनामा परिवर्तन नगर्ने १९५१ को सम्झौता मान्न पेचिङ बाध्य भएन । तिब्बतको ६४२ कुलीन परिवारको ७० प्रतिशत र २,१३६ मठहरू विद्रोही पक्षमा जाँदा पनि २०,००० भन्दा बढी विद्रोहीहरूको समर्थन प्राप्त गर्न नसक्नुले, तीमध्ये आधाले तिब्बती शासक वर्गलाई मन नपराएको र तिब्बतीहरूको मन दुःखेको प्रमाणित गर्दछ । तसर्थ, विद्रोहको पराजय र दास मालिकहरू तितरवितर भएर भारतमा भाग्नाले छिटो दासप्रथा निर्मूल पार्ने ढोका खोलिदिएको थियो । हजारौँ वर्षदेखिको दास समाज र समाजवादतर्फ लम्कन लागेको तिब्बतको भविष्यबिचको इतिहासमा थोरै सङ्ख्याका ती ब्रिदोहीहरू दबिनु त इतिहासमा पानीको फोकाजस्तै बिलाएको भन्नुपर्छ ।

सो विद्रोह 'राष्ट्रिय द्वन्द्व' को रूपमा देखिएन तर अनुयायीहरू तथा कार्यकर्ताहरू परिचालन गर्न नसकेको हुँदा त्यो घटना दास-मालिकहरूले उठाएको द्वन्द्वमात्र थियो । विदेशी शक्तिहरूले हस्तक्षेप गरेको भए पनि सो द्वन्द्वले नागरिक आन्दोलनको रूप लिन सकेन । विद्रोहीहरूलाई उचालेर विदेशी शक्तिहरूले तिब्बतलाई चीनबाट छुटाउने प्रयास गरेको भए पनि पेचिङको रणनीति सेनामा मात्र आधारित नभई होसियारीसाथ तयार गरिएको राजनैतिक योजना भएकाले सो प्रयास विफल भयो । विशेषगरी १९५१ को सम्झौतापछिका आठ वर्षहरूमा पेचिङले तिब्बतका जनतामाझ समर्थन हासिल गरिसकेको थियो ।

हजारौँ वर्षदेखि दासप्रथालाई जिउने बाटोको रूपमा राख्दै आएका दास मालिकहरू र समाजका शासकहरूले १९५१ को सम्झौतालाई स्वीकार गरेर पेचिङको नेतृत्वमा समाजवादतिर लम्कन स्वीकार गरेका थिए । त्यो लामो सङ्घर्षको बाटो हो भन्ने पहिलै स्पष्ट थियो र दुवै पक्षलाई त्यो कुरा सुरुदेखि थाहा थियो । तथापि, पेचिङको कम्युनिस्ट र तिब्बतका दास-मालिकहरू दुवैले १९५१ को सम्झौतामा हस्ताक्षर गरे तथा दलाइ लामाले माओ त्सेतुङलाई तिब्बतका 'अधिकारीहरू, भिक्षुहरू र जनता' को एकमतले समर्थन रहेको बताए । दुवै पक्षले सङ्घर्षलाई स्थगित गरे, दुवै पक्षले परिवर्तित समयलाई कुरे ।

तिब्बतको शासक वर्ग खान्दानीहरूले चाम्दोमा आफ्ना सेना पराजित भएको थाहा पाएपछि सम्झौताबाट फाइदा उठाए । सम्झौताबाट तिनीहरूले तिब्बती स्थानीय सरकारमा रहेको नियन्त्रणलाई निरन्तरता दिए; 'राजनैतिक संरचना परिवर्तन नगर्ने अर्थात् यथावत् राख्ने' 'दलाइ लामाको शक्ति, मठहरूको आम्दानी' यथावत राख्ने र 'सुधार कार्यलाई अनिवार्य' गर्न नहुने सर्तहरू पेचिङतर्फ तेर्स्याए । तिनहरूले तिब्बती सरकारमाथि, मठहरू र जनतामाथि नियन्त्रणको माध्यमबाट सुधार कार्यलाई रोक्ने वा ढिला गर्ने प्रयास गरे । तिनीहरू पेचिङको नीतिलाई परिवर्तन गर्ने वा दूषित बनाउने अथवा चीनको विरुद्धमा विदेशी शक्तिलाई अघि बढाउने वा कम्तीमा तिब्बतका विद्रोहीहरूलाई सैन्य तथा अन्य सहयोग गराउने खेल खेलिरहेका थिए ।

पेचिङको लागि पनि समय चाहिन्थ्यो । जनमुक्ति सेनाले तिब्बती सेनालाई हराए पनि 'तिब्बतमाथि जीत' हासिल गरिसकेको थिएन । यसले तिब्बती स्थानीय सरकारबाट तिब्बत 'मातृभूमि चीन' को एउटा भाग हो भन्ने मान्यता पाउन सफल भयो र जनमुक्ति सेनालाई 'राष्ट्रिय सेना' का रूपमा भारत र नेपालको सिमानाका चौकीहरूमा परिचालित गर्ने अधिकार पायो । त्यसबेला यो नै पहिलो आवश्यकता थियो । १९५१ मा अमेरिकी सेना कोरियामा र ताइवानमा चिनियाँ सेनासँग लड्दै थियो र भारत-चीन सिमानामा लडाइँ गर्ने धम्की दिइरहेको थियो । बेलायतले दशकौँसम्म उठाएको 'तिब्बतको मुक्ति' को प्रश्न वासिङटनले उठाइरहेको थियो । चीनबाट तिब्बतलाई छुटाउन तिनीहरू चाहन्थे । तत्कालको आवश्यकता भनेको तिब्बती सहयोगमा चीनको क्षेत्रीय सार्वभौमिकताको रक्षा गर्नु थियो । यसका निम्ति पेचिङले तिब्बतमा सुधारका कार्यहरू अनिश्चित समयका लागि स्थगित गर्‍यो, तिब्बती कुलीनहरूले सुधारलाई रोकिरहेका थिए ।

दास-मालिक कुलीनहरू दासप्रथामा हुने कुनै पनि सुधारलाई घृणा गर्दथे र समाजवादका बारे उनीहरूले कल्पनै गरेका थिएनन् । आफू भोकै र पीडित भए पनि दासहरू त्यसलाई पूर्वजन्ममा गरेको कर्मको फल भन्दथे । तिब्बतका दासहरू कहिले पनि तिनीहरूका कुलीन मालिकहरूसँगै एउटै कोठामा बस्दैनथे र बाटोमा भेट्दा ठाडो शिरले एक अर्कालाई हेर्दैनथे, तिनीहरूले 'स्वतन्त्रता' के हो भन्ने कुरा कल्पना पनि गरेका थिएनन् । पेचिङ तिब्बतमा विस्तारै राजनैतिक र आर्थिक परिवर्तनहरू चीनका अन्य भागहरूमा जस्तै होस् भन्ने चाहन्थ्यो । तिनीहरू खान्दानीहरूलाई कम्तीमा दासप्रथा आफनै लागि पनि राम्रो होइन भन्ने बुझाउन चाहन्थे । सबैभन्दा ठुलो त दासहरूको आत्मालाई चीनको सामिप्यताबाट, चीनको गतिशीलताबाट परिवर्तित गर्न पेचिङ चाहन्थ्यो ।

तसर्थ, १९५१ को सम्झौतामा 'एकमतले स्वीकार' गरिसकेपछि दुवै पक्षले तिब्बती जनताको नाममा भविष्यमा द्वन्द्वको तयारी गरिसकेका थिए । पेचिङले जनमुक्ति सेनाको माध्यमबाट तिब्बतलाई चीनसँग जोड्ने राजमार्ग निर्माण, अस्पतालहरू, विद्यालयहरू, नमुना खेतीहरू, बिनाब्याज अन्नका बीज, किसानहरूलाई विकसित कृषि सामग्री र उपकरणहरू उपहार दिएर सैनिक रूपले मात्र नभई राजनैतिक र आर्थिक रूपले सम्बन्ध जोड्न थाले । दास मालिकहरूले हान जातिविरोधी झूटा प्रचारहरू गर्ने, विद्यालयहरूले आत्मालाई बिगार्ने, अस्पतालहरूमा विष दिइने, नमुना खेती र सडकहरूले जग्गा बिगार्नेजस्ता हल्ला चलाएर द्वन्द्वको सुरुवात गरे । यी कुराबाट पनि विस्तारै अघि बढेको सुधार र प्रगतिहरूलाई रोक्न असफल भएपछि तिनीहरूले षड्यन्त्र-जालझेल र विद्रोहलाई प्रश्रय दिए । पहिला तिब्बती क्षेत्रसँग जोडिएका प्रान्तहरूमा र अन्तमा ल्हासामा त्यस्तो उपद्रव गर्न लगाए ।

चाम्दोमा युद्ध हुनुभन्दा पहिले नै सिचुआनमा जनमुक्ति सेनालाई तिब्बतका लागि तयारी रहन निर्देशन दिएर पेकिङले रणनीतिक सुरुवात गरेको थियो । विरोधी वा शत्रुहरूसमेतलाई समेटेर अघि बढ्ने रणनीतिमा अनुभवी भएकै कारण जनमुक्ति सेनाले चीनभरि सफलता हासिल गर्न सकेको हो । १९५० मा सिचुआनमा जनमुक्ति सेनालाई साधारण व्यवहारमात्र होइन, अल्पसङ्ख्यक जातिहरूलाई मैत्रीपूर्ण र समानताको व्यवहार गर्न र तिब्बतमा विशेष व्यवहार देखाउन निर्देशन दिइएको थियो ।

'हामीले पहिलो सम्पर्कका लागि तिब्बती भाषा सिक्यौँ । हामीले विभिन्न सामाजिक वर्गहरूलाई सम्बोधन गरिने आदरहरू सिक्यौँ । तीर्थस्थल जाने बाटोमा कसरी हिँड्ने र तिब्बती धर्मलाई सम्मान गर्ने सिक्यौँ । हामी कहिले पनि धार्मिक स्थलहरूमा छिरेनौँ न मठहरूमा गयौँ न त घरको ढुकुटी कोठामा नै । तिब्बतको जहाँतहीँ शिकार वा माछा मार्ने कामलाई 'कठिन अनुशासनका' रूपमा बन्देज लगाइएको थियो । खाद्यान्नको अभाव र यातायातको असुविधा थियो भने पहाड र खोलाहरूमा जनावर र माछाहरू प्रशस्त थिए ।' तर, जनमुक्ति सेनाले तिब्बती धर्ममा बन्देज लगाएको हुनाले कहिले शिकार खेलेन तथापि जीवित बुद्धले जनमुक्ति सेनाले शिकारलाई बन्देज लगाउन नपर्ने बताए ।

यो अनुशासन धेरै गाह्रो थियो तर धेरै उपयोगी थियो । त्यसबेला सिचुआनबाट ल्हासामा पुगेका क्याप्टेन याङले बताए, "हाम्रो प्रतिष्ठा हामीभन्दा धेरै उच्च भयो ।" हामीलाई 'बुद्धको सेना' पनि भन्ने गरियो । चाम्दोमा तिब्बती सेनाको भाग हाम्रो पक्षमा आउनुको मुख्य कारण थियो, हामीले उनीहरूको भावना र मान्यताको कदर गर्नु ।'

पेचिङको रणनीतिको दोस्रो कदम जनमुक्ति सेना १९५१ को सम्झौतालाई कुरेर चाम्दोमा आठ महिनासम्म बस्नु हो । अन्तमा, सो सैनिक टोली तिब्बतको ल्हासामा जाँदा बाटोमा जनघनत्व धेरै भएको ठाउँ-ठाउँमा रोकेर दलाइ लामाले पेचिङसित गरेको सम्झौताबाट आफू 'राष्ट्रिय सेना' भएको सम्झाउँदै हिँडे । तिनीहरूले जनतासित त्योभन्दा अघि कहिल्यै कुनै सेनाले नगरेजस्तै सम्मानपूर्ण व्यवहार गरे । यतिमात्र होइन तिनीहरूले महिलाहरूलाई दुर्व्यवहार लुटपाट गरेनन् र सवारीसाधनहरू चढ्दाखेरि लागेको जति रकम तिरे । जनमुक्ति सेनाले भाडामा लिएको जनावर र भरियाका लागि तिरेको रकम वास्तविक काम गर्ने दासले पाउँछ कि तिनका मालिकले पाउँछ तिनीहरूले सोधेनन् र थाहा पाएनन् । महत्त्वपूर्ण कुरा के हो भने दासहरूलाई जनमुक्ति सेनाले पैसा तिरेको कुरा थाहा थियो र जबरजस्ती श्रम गराइएका दासहरूलाई ज्याला तिर्ने एउटा नयाँ कुरो थियो ।

जनमक्ति सेना ल्हासामा पुगेपछि कासागले औपचारिक स्वागत-सत्कार त गर्‍यो तर भित्रभित्रै जनमुक्ति सेनाविरुद्ध जालझेल र षड्यन्त्र पनि सुरु गऱ्यो । तिनीहरूले जनमुक्ति



सेनालाई इन्धन दिन, खानाको लागि खेतीयोग्य जमिन उपलब्ध गराउन अस्वीकार गऱ्यो ।

पेचिङको रणनीतिको तेस्रो काम भनेको तिब्बतलाई चीनसँग सैनिक, राजनैतिक र आर्थिक रूपमा जोड्नु थियो । सुस्त गतिमा प्रगतिहरू भए पनि जनताको चेतनास्तरमा वृद्धि भयो ।

खुला रूपमा पेचिङको विरोधको सुरुवात सन् १९५३ मा भयो । लोकाङ्वा (Lokangwa) नामका कालुनले तिब्बतबाट सम्पूर्ण जनमुक्ति सेना र हानहरू फर्कनुपर्ने माग राखे । दलाइ लामाले लोकाङ्वालाई बर्खास्त गरे र उनी भारत भ्रमणमा गए । कालिम्पोङमा उनले भावी विद्रोहको तयारीका लागि विदेशी शक्तिहरूसित भेटे, च्याङकाईशेक र भारतबाट असीमित आर्थिक सहयोग प्राप्त गरे । १९५४ मा दलाइ लामा र पञ्चेन एर्डेनीले राष्ट्रिय सभामा प्रतिनिधिका रूपमा भाग लिए । त्यही बेला दलाइ लामाले माओ त्सेतुङलाई सृष्टिकर्ता ब्रह्मासँग तुलना गर्दै माओ त्सेतुङको स्तुतिगान गाएका थिए । उनी ल्हासा फर्कँदा सिचुआन-तिब्बत राजमार्ग हुँदै फर्के र उनका जासुसहरू तिब्बती मठहरूमा विद्रोहका लागि सङ्गठन गर्न पश्चिम सिचुआनबाट उनीसँग छुट्टिए ।

१९५५-५६ को जाडो याममा 'काङटिङ विद्रोह' भयो । यस विद्रोहमा केन्द्रीय सरकारी अधिकारीहरू र हान नागरिकहरूको हत्या गरियो । त्यस क्षेत्रमा जनमुक्ति सेना थिएन । पछि जनमुक्ति सेना त्यहाँ पुगेपछि तिनीहरू पहाडहरू र चाम्दोमा भागे । त्यहाँको सबैभन्दा उँचो ठाउँमा १० हजार सशस्त्र विद्रोहीहरू थिए । हतियार पाउन सजिलो थियो किनभने तिब्बती-सिचुआन युद्ध सरदारहरू बिचको लडाइँमा त्यहाँ पचास हजार हतियार युद्ध सरदारहरूले छोडेका थिए । च्याङ काईशेकले झारेका अमेरिकी हतियार र रेडियो ट्रान्समिटरहरूको सहयोग त आवश्यकतै थिएन विद्रोहीहरूलाई विदेशी सहयोग छ भन्ने अर्थमा बाहेक । १९५६ को अन्ततिर सिचुआन चाम्दो विद्रोहलाई दबाइयो । विद्रोह असफल भएपछि भागेकाहरू तिब्बत र अन्य ठाउँमा किसानहरूबाट अन्न लुट्थे र ल्हासा विद्रोहमा संलग्न हुनुअघिसम्म स्थानीय प्रशासन कासागको निर्देशनमा चल्थे । खम्पा (Khampas) वा शिकाङ लडाकुहरू यसरी नै जङ्गली, अनुशासनहीन र लुटी खान पल्केका थिए ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***

# इजरायली सेनाद्वारा वेस्ट ब्याङ्कमा आक्रमण जारी



अधिकृत जेरुसेलम, ९ साउन (क्यूएनए)। इजरायली सेनाले शनिबार कब्जा गरिएको वेस्ट ब्याङ्कका विभिन्न क्षेत्रहरूमा प्यालेस्टिनीहरूको घर-घरमा छापा मारेर दर्जनौँ प्यालेस्टिनीहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

प्यालेस्टिनी समाचार एजेन्सी (वफा) का अनुसार इजरायली सेनाले नाबलुस प्रान्तको ताल गाउँमा छापा मारेर कम्तिमा ३० जना प्यालेस्टिनीहरूलाई हिरासतमा लिएको छ, जहाँ शुक्रबार भएको आक्रमणमा चार प्यालेस्टिनीहरूको मृत्यु भएको थियो ।

प्रभावित गाउँमा इजरायली सैन्य कारबाही जारी रहँदा अन्य बासिन्दाहरूलाई पनि घटनास्थलमा सोधपुछ गरिएको वफाले जनाएको छ ।

जेनिन प्रान्तमा, इजरायलस् सेनाले धेरै सहर र गाउँहरूमा व्यापक छापा मारेर, भारी सैन्य तैनाथी र चलिरहेको सेनाको गतिविधिको बिचमा खोजी र गिरफ्तारी बढाएको जनाइएको छ । सम्बन्धित विकासमा, इजरायली सेनाले बेथलेहेम प्रान्तमा तीनजना प्यालेस्टिनीलाई हिरासतमा लिएको जनाइएको छ ।

शुक्रबार ताल गाउँमा इजरायली आक्रमणमा चार प्यालेस्टिनीको मृत्यु भएपछि कब्जा गरिएको वेस्ट ब्याङ्कमा निरन्तर जारी इजरायली अप्रेसनको बिच पछिल्लो गिरफ्तारीका घटना भएको जनाइएको छ ।

# हुथी विद्रोहीद्वारा साउदी अरेबियामा आक्रमण

साना (साउदी अरेबिया), ९ साउन ( एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उत्कर्षमा रहेको मध्य पूर्व युद्धबिच इरानमा नयाँ आक्रमण योजना सार्वजनिक भएपछि तेहरान समर्थित हुथी विद्रोहीहरूले शनिबार साउदी अरबियामा मिसाइल आक्रमण गरेको दाबी गरेको छ ।

यो सँगै लगातार १३ औँ रात अमेरिकी सेनाले इरानी सैन्य लक्ष्यहरूमा आक्रमण गरेपछि शनिबार पुन: आक्रमणको घोषणा गरेको छ ।

यद्यपी हुथी विद्रोहीहरूले दक्षिणी साउदी सहर जिजानमा क्षेप्यास्त्र आक्रमण गरेको दाबी गर्दै यस क्षेत्रमा द्वन्द्व फैलिएको केही समयअघि इरानमाथि ठुलो आक्रमण गर्ने तयारी तथा निर्णय नगरेको ट्रम्पले बताउनुभएको छ ।

विद्रोहीहरूले शीर्ष तेल उत्पादकले समुद्री नाकाबन्दीको घोषणापछि र लाल सागरमा यसका जहाजहरूमा प्रहार गरेको तथा हुथीहरूले अमेरिकी सहयोगी रियादको सैन्य लक्ष्यहरूमा आक्रमण गरेपछि युद्धको 'खतरनाक वृद्धि' भएको आरोप लगाएका थिए । गत फेब्रुअरीमा तेहरानमा अमेरिका-इजरायली आक्रमणपछि यस क्षेत्रलाई समेटेर युद्ध भड्किएको र महत्त्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुजमा इरानको समानान्तर नाकाबन्दीको उत्कर्षमा पुगेको जनाइएको छ ।

रियादको नागरिक सुरक्षा एजेन्सीले शनिबार प्रभावित सहरका बासिन्दाहरू र यानबुहरूको लागि चेतावनी जारी गरेको थियो । साउदी नेतृत्वको गठबन्धनले हुथीको केन्द्रहरूमा आक्रमण गरेको र लाल सागरको जहाजमा आक्रमणको प्रतिक्रियामा व्यापारिक जहाजहरूलाई धम्की दिने लक्ष्यहरू नष्ट गरेको बताएपछि यो चेतावनी जारी गरिएको हो ।

यमनको एक सुरक्षा स्रोतलाई बताउदै एएफपीले होदेइडाको बन्दरगाह सहरमा रहेको नौ-सैनिक आधार र कामरान टापुमा रहेको सैन्य शिविर साउदी लक्ष्यमा रहेको बताएको छ ।

हुथीहरूले यस हप्ताको सुरुमा दुईवटा साउदी जहाजहरूमा आक्रमण गरेको दाबी गरेको छ भने साउदी अरेबियाले लाल सागरमा भएको एउटा आक्रमणको पुष्टि गरेको छ ।

हाल तेहरान वासिङ्टनसँगको वार्तामा 'गम्भीर' हुँदै जाँदा ट्रम्पले इरानमाथि ठुलो अपरेसन हुने बताएपछि तनाव बढेको हो । यद्यपि इरानलाई कडा प्रहार गर्ने निर्णय गरेको हो, भनेर सोधिएको प्रश्नमा ट्रम्पले पत्रकारहरूलाई यस्तो कुनै योजना नभएको र हाललाई युद्धबाट निराश भएको बताएको जनाइएको छ ।

लगभग दुई हप्ताको अमेरिकी आक्रमणले युद्ध-विरामलाई बिगारे पछि इरानसँग सम्झौता गर्ने वा अझै उच्चस्तरको आक्रमणको सामना गर्नेमध्ये एक विकल्प रहेको ट्रम्पले बताउनुभएको छ । ट्रम्पले युद्ध चार वा पाँच हप्ता चल्ने बताउँदै इरान आणविक हतियार विकास गर्ने विषयमा सम्झौतामा नआएसम्म आक्रमण जारी रहने उल्लेख गर्नुभएको छ ।

यसैबिच अमेरिकाले इरानले महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुज बन्द गर्नबाट रोक्नका लागि आक्रमण गरिरहेको पनि बताउँदै आएको छ ।

इरानले भने अमेरिकी अड्डाहरूमा भएको आक्रमणको जवाफी आक्रमणमा चारजना सैनिकको मृत्यु भएको जनाइएको छ । इरानी सेनाले शुक्रबार बहराइन, जोर्डन र कुवेतमा अमेरिकी सैन्य सम्पत्तिहरूलाई लक्षित गरी आक्रमण गरेको बताएको छ ।

यसैबिच, इरानको रिभोलुसनरी गार्ड्सले बहराइनको अमेजन 'डाटा सेन्टर' लाई लक्षित गरी आक्रमण गरेको बताएको छ । संयुक्त राज्य अमेरिकाबाट भने यसका सुविधाहरू वा कर्मचारीहरूलाई लक्षित गरेको कुनै पुष्टि भएको छैन ।

यसैबिच चिनियाँ विदेशमन्त्री वाङले मध्यपूर्व र खाडी क्षेत्रमा तनाव कम गर्ने उद्देश्यले वार्ता पुन: सुरु गर्न र समझदारी ज्ञापनपत्र कार्यान्वयन गर्न आह्वान गरेको चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।

# फ्रान्स-स्पेनमा डढेलो : एक लाख ६० हजारभन्दा बढी विस्थापित

लेज-क्याप-फेरेट, ९ साउन (एएफपी)। फ्रान्स र स्पेनमा फैलिएको भीषण डढेलोका कारण एक लाख ६० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । तीव्र हावा र लामो खडेरीका कारण डढेलो तीव्र रूपमा फैलिँदा दुवै देशले युरोपेली सङ्घ (इयू) सँग सहयोग मागेका छन् । फ्रान्सको दक्षिणपश्चिमी बोर्डो क्षेत्र र स्पेनको राजधानी म्याड्रिड आसपासका क्षेत्रमा डढेलोले व्यापक क्षति पुऱ्याएको छ । फ्रान्समा करिब एक लाख ४१ हजार तथा म्याड्रिड क्षेत्रमा करिब २५ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले जनाएका छन् ।

विस्थापितमध्ये एक हजार २०० भन्दा बढी वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्ति रहेका छन् । बोर्डोको दक्षिणस्थित पर्यटकीय क्याप फेरेट प्राय:द्वीपबाट मात्र करिब ४४ हजार मानिसलाई उद्धार गरिएको छ । आगोका कारण त्यहाँ ५० भन्दा बढी घर नष्ट भएका छन् । डुङ्गा र सवारी साधनमार्फत् स्थानीय बासिन्दा तथा पर्यटकलाई सुरक्षित स्थानमा पुऱ्याइएको छ ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँले डढेलो नियन्त्रणका लागि युरोपेली सङ्घसँग सहयोग माग्दै सेनालाई परिचालन गर्न निर्देशन दिनुभएको छ । फ्रान्सका गृहमन्त्री लरेन्ट नुनेजले यो देशले अहिलेसम्मकै सबैभन्दा भीषण डढेलोको सामना गरिरहेको बताउनुभयो ।

स्पेनमा म्याड्रिड क्षेत्रीय आपत्कालीन व्यवस्थापन प्रमुख कार्लोस नोभिलोले राजधानी आसपासको डढेलो अग्निनियन्त्रकहरूको नियन्त्रण क्षमताभन्दा बाहिर पुगेको बताउनुभएको छ । स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले प्रभावित क्षेत्रको निरीक्षण गर्ने कार्यक्रम तय गरिएको छ ।

फ्रान्सले डढेलो नियन्त्रणका लागि करिब एक हजार सैनिक परिचालन गरेको छ । साथै, धुवाँबाट प्रभावित क्षेत्रका बासिन्दा र उद्धारकर्मीका लागि १५ लाखवटा एफएफपी-२ मास्क वितरण गरिने जनाइएको छ ।

क्याप फेरेट क्षेत्रमा आगो नियन्त्रणमा खटिएका करिब एक हजार अग्निनियन्त्रकमध्ये ४० जना घाइते भएका छन् । यसै साता फ्रान्स र इटालीमा डढेलो नियन्त्रणका क्रममा तीन अग्निनियन्त्रकको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

युरोपेली आयोगले सहयोगस्वरूप फ्रान्सका लागि तीन र स्पेनका लागि चारवटा पानी बोक्ने अग्नि नियन्त्रण विमान परिचालन गरेको जनाएको छ ।

अधिकारीहरूका अनुसार फ्रान्समा हालसम्म १३ हजार ५०० हेक्टरभन्दा बढी र म्याड्रिड क्षेत्रमा करिब छ हजार हेक्टर वन तथा जमिन डढेलोले नष्ट गरिसकेको छ । ग्वाडालाजारा क्षेत्रमा फैलिएको अर्को डढेलोले ३२ हजार हेक्टरभन्दा बढी क्षेत्र जलेको छ । वैज्ञानिकहरूले मानव गतिविधिका कारण भएको जलवायु परिवर्तनले खडेरी र अत्यधिक गर्मी बढाएकाले युरोपमा डढेलोको जोखिम झन् तीव्र बन्दै गएको बताएका छन् ।

## रुसी जोखिमबिच

# युक्रेनले सीमा बलियो बनाउँदै

युक्रेन-बेलारुस सीमाक्षेत्र, ९ साउन (एपी)। रुसले बेलारुसको भूमिबाट युक्रेनमाथि आक्रमण सुरु गरेको चार वर्षभन्दा बढी समय बितिसक्दा पनि युक्रेनले मस्कोको निकट सहयोगी राष्ट्रसँग जोडिएको आफ्नो उत्तरी सीमालाई थप सुदृढ बनाइरहेको छ ।

कुनै समय दुई देशबिच सर्वसाधारणको आवतजावत हुने व्यस्त सीमा क्षेत्र अहिले बन्द क्षेत्र, सुरक्षा अवरोध र बारुदी सुरुङले भरिएको संवेदनशील भूभागमा परिणत भएको छ ।

एक हजार ८४ किलोमिटर लामो युक्रेन-बेलारुस सीमामा रहेका सडकहरू लामो दूरीसम्म ड्रोन रोक्ने जालीले ढाकिएका छन् । सीमा क्षेत्रमा धारिलो तारका बार र 'ड्रयागन टिथ' भनिने ट्याङ्कविरोधी कङ्क्रिट अवरोधहरू पनि निर्माण गरिएका छन् ।

एसोसिएटेड प्रेस (एपी) ले यसै महिनाको सुरुमा उत्तरी युक्रेनको सीमावर्ती क्षेत्रको भ्रमण गरेको थियो । त्यस क्रममा युक्रेनले बेलारुससँग रुसले ड्रोनको पहुँच विस्तार गर्न तथा युक्रेनी सहरमा आक्रमण गर्न प्रयोग गरेका सञ्चार रिले स्टेसन बन्द गर्न माग गरेको जनाएको थियो ।

युक्रेनी अधिकारीहरूका अनुसार बेलारुसले उक्त माग पूरा गरेपछि दुवै देशबिचको तनाव केही कम भएको छ । यद्यपि, बेलारुसमा रुसी सैन्य उपस्थितिमा वृद्धि भएको स्पष्ट सङ्केत नदेखिए पनि युक्रेनले सम्भावित जोखिमलाई ध्यानमा राख्दै सीमा सुरक्षा बलियो बनाउने कामलाई निरन्तरता दिएको छ ।

बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकासेन्कोले आफ्नो देशमाथि आक्रमण नभएसम्म युद्धमा सेना पठाउने योजना नरहेको बताउँदै आउनुभएको छ । तर सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरू भने बेलारुस रुसको युद्धमा थप सङ्लग्न हुन सक्ने सम्भावनाप्रति चिन्तित छन् ।

स्थानीयका लागि सीमा क्षेत्रमा निर्माण गरिएका सुरक्षा संरचनाहरू युद्धका सुरुवाती दिनहरूको सम्झना मात्र होइन, भविष्यमा हुन सक्ने कुनै पनि परिस्थितिका लागि युक्रेनको तयारीको सङ्केत पनि बनेका छन् ।

युक्रेनी सीमा सुरक्षाकर्मीहरूले बख्तरबन्द सवारीसाधन, ड्रोन र अन्य निगरानी प्रणाली प्रयोग गरी चौबीसै घण्टा गस्ती गरिरहेका छन् । अधिकारीहरूका अनुसार बेलारुस रुसको सबैभन्दा नजिकको सैन्य साझेदार भएकाले सीमा क्षेत्रमा थप सुरक्षा संरचना निर्माण गर्ने कार्य आगामी दिनमा पनि प्राथमिकतामा रहनेछ ।

## किभ क्षेत्रमा रुसी

# क्षेप्यास्त्र हमला, १० जनाको मृत्यु

किभ, ९ साउन (एपी)। युक्रेनको राजधानी किभ नजिक रक्षा उद्योगसम्बन्धी कार्यक्रम भइरहेको स्थानमा शुक्रबार भएको रुसी ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको छ भने करिब १०० जना घाइते भएका छन् ।

युक्रेनी अधिकारीहरूका अनुसार आक्रमण किभको केन्द्रबाट करिब २०-३० किलोमिटर टाढा बुचा जिल्लास्थित निजी सैन्य प्रशिक्षण केन्द्रमा भएको हो । घटनामा २७ वटा घर र ४४ वटा सवारीसाधनमा क्षति पुगेको छ ।

क्षेत्रीय सैन्य प्रशासनका कार्यवाहक प्रमुख रुस्लान ओलिइनिकका अनुसार आपत्कालीन उद्धार टोलीहरू घटनास्थलमा परिचालन गरिएका छन् । यो आक्रमण अमेरिकी रक्षा कम्पनी 'रेथियन' का वरिष्ठ प्रतिनिधिसँग युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भेटवार्ता गरेको भोलिपल्ट भएको हो । उक्त कम्पनीले युक्रेनलाई आवश्यक 'प्याट्रियट' हवाई प्रतिरक्षा प्रणाली उत्पादन गर्छ ।

**रेथियनसँग सहकार्यमा जोड**

जेलेन्स्कीले बिहीबार राति रेथियनको प्रतिनिधिमण्डलसँग भेट गर्दै 'प्याट्रियट' इन्टरसेप्टर क्षेप्यास्त्रको संयुक्त उत्पादनबारे छलफल गर्नुभएको थियो । उहाँका अनुसार युक्रेन र रेथियनबिच यस विषयमा सहकार्य अघि बढाउने सहमति भएको छ ।

युक्रेनले विगत केही वर्षदेखि पश्चिमी साझेदारहरूसँग थप 'प्याट्रियट' प्रणाली उपलब्ध गराउन आग्रह गर्दै आएको छ । यद्यपि, युक्रेनमै यसको उत्पादन सुरु हुन अझै केही वर्ष लाग्न सक्ने विज्ञहरूको भनाइ छ ।

रुसभित्र युक्रेनी ड्रोन आक्रमण

यसैबिच, युक्रेनले रुसभित्र लामो दूरीका ड्रोन आक्रमणलाई निरन्तरता दिएको छ । राष्ट्रपति जेलेन्स्कीका अनुसार युक्रेनी सेनाले किरोभ क्षेत्रमा रहेको एक सैन्य उद्योग तथा सीमाबाट करिब एक हजार ३५० किलोमिटर टाढा रहेको तेल पूर्वाधारमा प्रहार गरेको छ ।

किरोभ क्षेत्रका गभर्नर अलेक्जेन्डर सोकोलोभका अनुसार सैन्य कारखानामा भएको आक्रमणमा छ जनाको मृत्यु भएको छ भने २६ जना घाइते भएका छन् ।

युक्रेनी सेनाले रुसको सबैभन्दा ठुलो अनलाइन खुद्रा कम्पनी 'वाइल्डबेरीज' का सेन्ट पिटर्सबर्ग, लेनिनग्राद क्षेत्र र कब्जामा रहेको क्रिमियाको सिम्फेरोपोलस्थित रसद केन्द्रहरूमा ड्रोन आक्रमण गरेको कम्पनीकी संस्थापक तात्याना किमले बताउनुभएको छ ।

रुसी रक्षा मन्त्रालयका अनुसार शुक्रबार राति रुसका विभिन्न क्षेत्रमा प्रहार गरिएका ५७१ वटा युक्रेनी ड्रोन खसालिएको छ ।

# देशव्यापी विरोधबिच भारतीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानद्वारा राजीनामा

नयाँदिल्ली, ९ साउन (एएनआई)। भारतका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले 'एनइइटी-युजी २०२६' को प्रश्नपत्र चुहावटसम्बन्धी विवादपछि शनिबार पदबाट राजीनामा दिनुभएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीलाई सम्बोधन गर्दै लेखिएको राजीनामा पत्रमा उहाँले शिक्षा क्षेत्रसँग चार दशकभन्दा बढी समयदेखि आबद्ध रहेको उल्लेख गर्दै सशक्त, समावेशी र दूरदर्शी शिक्षा प्रणाली राष्ट्र निर्माणको आधार भएको बताउनुभएको छ । यसैबिच, 'एनइइटी-युजी २०२६' विवादलाई लिएर भारतभर विरोध प्रदर्शन जारी छ । आन्दोलनका क्रममा सामाजिक अभियन्ता सोनम वाङचुकले जन्तर मन्तरमा २६ दिन लामो अनशन गर्नुभएको थियो ।

उता, भारत सरकारले प्रश्नपत्र चुहावट रोक्न विशेष फास्ट-ट्र्याक अदालत र विशेष कार्यदल (एसटीएफ) गठनसहित कडा पेपर चुहावट विरुद्धको कानुन ल्याउने तयारी गरिरहेको जनाएको छ ।

# पाँचतले मन्दिरलाई विश्वको आठौँ आश्चर्यमा सूचिकृत गर्ने हो कि !

✍ विश्वराम प्रजापति

नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदाले सिङ्गारिएको देश हो । यो विश्वमा छुट्टै पहिचान राख्न सफल सुन्दर देश पनि हो । यो देश हिमाल, पहाड, तराई त्यसअनुसारको भूमि, हावापानी, वनस्पति, जीव प्राणी र संस्कृतिले पूर्ण देश हो । यहाँको बेग्लै प्रकृति, मूर्त-अमूर्त सांस्कृतिक सम्पदाकै कारण युनेस्को (United Nations Educational Scientific and Cultural Organization UNESCO) ले नेपालको प्राकृतिक सम्पदा सगरमाथा राष्ट्रिय निकुञ्ज सन् १९८४ मा, चितवन राष्ट्रिय निकुञ्ज सन् १९७९ मा, भक्तपुर दरबार क्षेत्र, काठमाडौँ दरबार क्षेत्र, ललितपुर दरबार क्षेत्र, चाँगुनारायण, स्वयम्भूनाथ, बौद्धनाथ, पशुपतिनाथलाई सन् १९७९ मा र लुम्बिनीलाई सन् १९९७ मा विश्व सम्पदा सूचीमा सूचिकृत गरिसकेको छ । यसले नेपालको शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, आर्थिक र सामाजिक विकासमा ठुलो मद्दत गरेको छ ।

युनेस्कोले जोर्डनको सन् १९१२ मा निर्माण गरिएको वा पत्ता लगाइएको सांस्कृतिक सम्पदा पेट्रा (Petra) सहर, पेरुको सन् १९११ मा निर्माण गरिएको म्याचु पिक्च्यु (Machu–Picchu), ब्राजिलको रियो डि जेनेरियोको माउन्ट कोरकोवाडोमा सन् १९२६-३१ सम्म पाँच वर्ष लगाएर बनाएको जिसस क्राइस्टको अग्लो मूर्ति, इटाली रोमको पहिलो शताब्दीमा बनेको कोलोजियम इन्टेरिअर (Colosseum interior) रङ्गशाला, भारतका आग्राको (सन् १६२८-५८) तीस वर्ष लगाएर बनाएको ताजमहल, चीनको सातौँ शताब्दीमा निर्माण गरिएको ग्रेटवाल र मेक्सिकोको ९-१० औँ शताब्दीमा बनाएको चिचेन इत्जा (Chichen – Itza) पिरामिडलाई विश्वको सात आश्चर्य सांस्कृतिक सम्पदामा सूचिकृत गरेको छ । यी सम्पदाहरूले विश्वको शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, आर्थिक विकासमा पक्कै सहयोग पुऱ्याएको हुन्छ ।

नेपाल र विश्वमा बेग्लै प्रभाव छोड्न सफल पाँचतले मन्दिरलाई पनि विश्वको आठौँ आश्चर्यमा सूचिकृत गर्न स्थानीय, प्रदेश र सङ्घीय तहको सरकारले प्रयास गर्ने कि । यो मन्दिर विश्व सम्पदा सूचीमा सूचिकृत भइसकेको छ । यो अग्लो पिरामिड शैलीमा निर्माण गरिएको विशिष्ट कलाकृतिले भरिएको विश्वकै सम्पदा हो । वास्तु र विज्ञान शास्त्रअनुसार निर्माण गरिएको उक्त मन्दिर इँटा, काठलगायतका सामग्रीको तौल, आकार अनि जग वर्गाकारमा सबै ठाउँमा आवश्यकताअनुसार काठकै बलियो चुकुल राखिएको छ । कहीँ पनि किला, फलामको प्रयोग गरिएको छैन । काठको विशेष खालको जोडाइ, चुकुलको प्रयोग र लचकताले नै वि.सं. १८९०, १९९०, २०४५, २०७२ सालको विनाशकारी भूकम्पबाट यो मन्दिर सगरमाथाझैँ उभिरह्यो ।




यो मन्दिर यसरी बलियो र कलाले भरिपूर्ण भएर नै होला भक्तपुरलाई जर्मनीका सम्पदाविद् निल्सगुत्साले सुन्दर जीवित सङ्ग्रहालय (Living Museum), जर्मनीकै नागरिक ह्यान्स बेन्जामिनले आधा विश्व घुमेको सहर भएको, बेलायती नगरिक ई.ए. पावेलले भक्तपुर अवलोकन गर्न छुटे आधा संसार छुटे सरह हुने, अमेरिकी पत्रकार एडवार्ड अलेक्जान्डर पावेलले भक्तपुर पुग्नु विश्वको आधाभन्दा बढी ठाउँमा घुम्नुजस्तो भएको बताएका छन् । नेपाललगायत विश्वका अन्य देशका इतिहास, संस्कृति, विज्ञान, प्रविधि आदिका विद्यार्थी, विज्ञलगायत पर्यटकहरूको अनुभव, प्रभाव आफ्नै ठाउँमा छ । त्यसैले यो मन्दिर नेपालको मात्र होइन विश्वकै शिक्षा, विज्ञान, प्रविधि, इन्जिनियर, इतिहास, संस्कृति आदिका विद्यार्थी, विद्वान, वैज्ञानिक र अन्य पर्यटकहरूका लागि स्वर्गजस्तो सुन्दर ठाउँ र विश्वविद्यालय पनि हो । यो मन्दिरले नेपालको मात्र होइन विश्वकै ध्यान खिचिरहेको छ । नेपालका तीनै तहका सरकारले यो मन्दिरलाई विश्वको आठौँ आश्चर्यमा सूचिकृत गर्न किन प्रयास नगर्ने ?

यस मन्दिरको विषयमा केही रोचक र महत्त्वपूर्ण तथ्य र जानकारीसहित बुँदागतरूपमा तल चर्चा गरिएको छ ।

१) यो मन्दिर राजा भूपतीन्द्र मल्लको पालामा वि.सं. १७८५ मा जनताले निर्माण गरेका थिए । त्यसैले यो मन्दिरले यहीँ असार ३१ गते प्रतिपदाको दिन ३२४ वर्षमा पुगेको जन्म दिन मनाइसकेको छ ।

२) नेपाल संवत् ८२२ पौष कृष्ण त्रयोदशी बुधबारदेखि असार सुदिं १ प्रतिपदामा निर्माण सम्पन्न भएको थियो । त्यसैले हरेक वर्ष निर्माण सम्पन्न भएको दिन असार प्रतिपदाको दिन पाँचतले मन्दिरको गजुरमा विधिवत पूजापाठसहित चन्द्रसूर्य अङ्कित पत: ध्वजा फहऱ्याएर जन्मदिन बुँसादाँ मनाउने गरिन्छ ।

३) यो मन्दिर पाँचतले झिँगटीको छाना, फलेटी, अगाडिपट्टि पाँचै फलेटीमा जोडी पहलमान, हात्ती, सिंह, शार्दुल र व्याधिनी देवीको मूर्ति राखिएको छ । माथि मन्दिर परिक्रमा गर्न मिल्ने गरी पाँच कवलसहितको दलाम निर्माण गरिएको छ ।



४) पाँचतलेको फलेटीमा देवी सिद्धिलक्ष्मीको सुरक्षार्थ तलबाट माथि क्रमश: जयमल र प्रताप पहलमान, (कुटुव) को जोडी, त्यस्तै हात्ती, सिंह, शार्दुल र व्यघ्रिनीको जोडी रहेका छन् ।

५) मन्दिरको चारै कुनामा गणेशका मन्दिरहरू रहेका छन् ।

६) मन्दिरमा ११,३५, ३५० वटा इँटा, १,०२,०३५ वटा तेलिया इँटा, २७,०८४ वटा उपा इँटा प्रयोग भएका र त्यसको लागि नगरको वरपर ८ ठाउँमा इँटा भट्टा खोलेर इँटा पोलेका थिए । चिकं अपा (इँटा) ठिमीबाट ल्याएका थिए ।

७) गजुरको तौल ४० धार्नी रहेको छ ।

८) गजुरमा ३७ तोला सुनको जलप लगाइएको थियो ।

९) मन्दिरमा पाँचतलाको झिँगटीको छाना रहेका छन् । पाँचतलामा गरेर ५२९ वटा फय् गाँचा (मान्छेले होइन प्राकृतिक हावाको चापले बजाउने घण्टी) रहेका छन् ।
   - क) सबभन्दा माथिको छानामा ४८ वटा
   - ख) दोस्रो छानामा ८० वटा
   - ग) तेस्रो छानामा १०४ वटा
   - घ) चौथो छानामा १२८ वटा
   - ङ) पाँचौँ छानामा १६८ वटा

   बाँकी एउटा घण्टी कहाँ राखिएको छ भन्न सकिएको छैन ।

१०) मन्दिर निर्माण सम्पन्न भएको दिन (बुँसादाँ) मा सबै जातका गरी २० हजारलाई त: भ्वय (ठुलो भोज) खुवाइएको थियो । यो भोज मन्दिर बनाउन श्रमदान गर्ने जनतालाई खुवाइएको हुनुपर्छ ।

११) मन्दिरभित्र ९ वटा टाउको (सबभन्दा माथि १, बिचको पङ्क्तिमा ३ वटा र सबभन्दा तलको पङ्क्तिमा ५ वटा गरी जम्मा ९ वटा टाउको) र दायाँ बायाँ ८/८ वटा गरी १६ विभिन्न अस्त्र समाएको हात भएकी सिद्धिलक्ष्मीको सुन्दर मूर्ति स्थापना गरिएको पढ्न र सुन्न पाइन्छ ।

१२) मन्दिरको गर्भस्थानमा बेताल भैरवमाथि सदासन गरेकी सिद्धिलक्ष्मी देवीको आकर्षक मूर्ति रहेको छ ।

१३) मन्दिरको उचाइ १०८ फिट (३३.२३ मि.) रहेको छ ।

१४) यो मन्दिर राजा महेन्द्रको पालामा वि.सं. २०१९ सालमा जीर्णोद्धार गरिएको थियो भने भक्तपुर नगरपालिकाले कुनै विदेशीसँग हात नथापिकन उपभोक्ता समितिमार्फत जनताको साथ र सहयोगमा वि.सं. २०५६ र आ.व. २०७६/७७ मा गरी दुई पटक जीर्णोद्धार गरिसकेको छ । यसले देशकै शिर ठाडो पार्ने काम गरेको छ ।

**स्रोत : कान्तिपुर कोसेली, अन्य सञ्चार माध्यम**

# राणाकालीन इतिहास र धार्मिक पर्यटनलाई जोड्दै चुरियामाई

**- वासुदेव पौडेल/रासस**

बागमती, ९ साउन । मकवानपुरको पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडाबाट वीरगञ्ज जाने मार्गको छेउ चुरे पर्वत शृङ्खलामा अवस्थित चुरियामाईको मन्दिर यस क्षेत्रको प्रसिद्ध तीर्थस्थल हो ।

चुरे पर्वत शृङ्ख्लामा रहेकाले पनि यस तीर्थस्थललाई चुरियामाई नामकरण गरिएको यहाँका ज्येष्ठ नागरिक बताउँछन् । हेटौँडा बजारबाट करिब १३ किलोमिटर दक्षिणतर्फ अर्थात् वीरगञ्ज जाने पूर्व-पश्चिम राजमार्गको बायाँतर्फ चुरे पहाडको फेदीमा रहेको यो मन्दिरमा हेटौँडा आसपासका बासिन्दासँगै पूर्व-पश्चिम राजमार्गमा आवतजावत गर्नेहरू दर्शनका लागि आउने गरेका मन्दिरका सहायक पुजारी चन्द्रबहादुर लामाले जानकारी दिनुभयो ।

यसअघि चुरियामाईको मूर्ति चुरे पर्वतको टुप्पोमा रहेकामा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा भक्तजनलाई पूजाअर्चना गर्न सुविधा होस् भनेर चुरे पर्वतको टुप्पोबाट हालको फेदीमा ल्याई स्थापना गरिएको पुर्खाहरूले बताएका उहाँले जानकारी दिनुभयो । त्यसैले यस मन्दिरलाई राणाकालीन इतिहासको जीवन्त साक्षीका रूपमा लिने गरिएको उहाँको भनाइ छ । यसले राणाकालीन इतिहासको संरक्षण प्रवर्द्धन गर्नुका साथै धार्मिक पर्यटनलाई जोड्ने काम गरिरहेको उहाँले बताउनुभयो ।

विशेष गरी मन्दिरमा नयाँ सवारीसाधन किनेपछि पूजा गर्न आउने भक्तजनको चाप हुने गरेको स्थानीयवासी बताउँछन् । यहाँ सवारीसाधन ल्याएर पूजा गरेपछि राम्रो हुने विश्वास रहेकाले हेटौँडा मात्र नभई आसपासका क्षेत्रबाट पनि नयाँ सवारीसाधन लिएर पूजा गर्न आउने प्रचलन बढिरहेको यातायात व्यवसायी कैलाश थापाले बताउनुभयो ।

"सानो होस् वा ठुलो नयाँ सवारीसाधन किनेपछि चुरियामाईको पूजा गर्न आउने प्रचलन छ", उहाँले भन्नुभयो, "यहाँ आएर पूजा गरेपछि राम्रो हुने विश्वास प्राचीनकालदेखि रहँदै आएको हो ।" विशेष गरी दसैँको समयमा यहाँ पूजाआजाका लागि आउनेको घुइँचो लाग्ने पुजारी लामाले बताउनुभयो । अन्य समयमा भने शनिबार र विशेष तिथिमितिमा दर्शनार्थीको चाप लाग्ने गरेको उहाँको भनाइ छ ।

मन्दिरमा आकर्षक र कलात्मक शैलीको कालो प्रस्तरको चुरियामाईको मूर्ति छ भने वरपर विभिन्न देवीदेवताका मूर्तिहरू छन् । दर्शनार्थीको घुइँचोलाई व्यवस्थित गर्नका लागि फलामेबारलाई व्यवस्थित गरिएको छ । साथै पूर्व-पश्चिम राजमार्गको चोकबाट उक्लनुपर्ने करिब १० मिनेटको सिँढी बाटोलाई व्यवस्थित गराइएको छ । मन्दिरसम्म उक्लँदा यहाँको मनोरम प्राकृतिक सौन्दर्यताले जोकोहीलाई लोभ्याउने गरेको स्थानीय बताउँछन् ।

**दक्षिण एसियाकै पहिलो सुरुङमार्ग अर्को महत्त्वपूर्ण आकर्षण**

मन्दिर परिसरमा रहेको दक्षिण एसियाकै पहिलो सुरुङमार्ग यहाँको अर्को आकर्षण हो । मन्दिर आउने दर्शनार्थीले यहाँ स्थित सुरुङमार्गका बारेमा निकै चासोका साथ जान्ने, बुझ्ने र अवलोकन गर्ने गरेका चुरियामाई मन्दिर तथा सुरुङ संरक्षण एवं व्यवस्थापन समितिका सदस्य रामकुमार पुलामीले बताउनुभयो ।

उहाँका अनुसार यसअघि हेटौँडा उपमहानगरपालिकाले संरक्षण र सञ्चालन गर्दै आएको सुरुङमार्गको संरक्षण, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी हाल चुरियामाई मन्दिर तथा सुरुङ संरक्षण एवं व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको उहाँले जानकारी दिनुभयो ।

सम्झौताअनुसार समितिले सुरुङको संरक्षण, सञ्चालन तथा व्यवस्थापनसँगै नियमित रेखदेख, सरसफाइ, मर्मतसम्भार, पर्यटक व्यवस्थापन तथा आवश्यक पूर्वाधार सञ्चालनको जिम्मेवारी पनि निर्वाह गरिरहेको उहाँले जानकारी दिनुभयो । सुरुङ अवलोकनका लागि आउने पर्यटकबाट उपमहानगरले निर्धारण गरेको शुल्क सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ भने सङ्कलित रकम सुरुङको संरक्षण, सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्नुपर्ने प्रावधान छ ।

'हेटौँडा उपमहानगरपालिका चुरियामाई सुरुङ सञ्चालन कार्यविधि, २०८१' अनुसार करिब ५०० मिटर लामो सुरुङमार्ग अवलोकनका लागि विभिन्न किसिमको शुल्क तय गरिएको व्यवस्थापन समितिका सदस्य पुलामीले जानकारी दिनुभयो ।

निर्धारित शुल्कअनुसार पाँच वर्ष उमेरसम्मका लागि नि:शुल्क व्यवस्था गरिएको छ भने नेपाली नागरिकका लागि रु. ५०, विद्यार्थीका लागि रु. १०, विदेशी पर्यटकका लागि रु. १०० तय गरिएको छ । चलचित्र, डकुमेन्ट्री, म्युजिक भिडियो निर्माणका लागि रु. एक हजार शुल्क निर्धारण गरिएको उहाँले बताउनुभयो । नगरपालिकाले आगन्तुकहरूबाट शुल्क सङ्कलन गर्ने व्यवस्था गरे पनि अधिकांश व्यक्तिले शुल्क नखोज्ने उहाँले अनुभव सुनाउनुभयो ।

विसं १८७२ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा निर्माण सुरु भई विसं १८७४ मा सम्पन्न भएको चुरियामाई सुरुङमार्ग तत्कालीन हेटौँडा-अमलेखगञ्ज रेलमार्गअन्तर्गत निर्माण गरिएको ऐतिहासिक सम्पदा हो । करिब दुई वर्ष लगाएर निर्माण गरिएको यस सुरुङमार्गले दक्षिण एसियाकै पहिलो सुरुङका रूपमा चासो र चर्चा कमाएको छ ।

यस सुरुङमार्ग निर्माणको प्राविधिक नेतृत्व तत्कालीन सडक विभागका मुख्य इन्जिनियर डिल्लीजङ्ग थापाले गर्नुभएको थियो । लामो समयसम्म प्रयोगविहीन रहेको उक्त सुरुङको स्तरोन्नति बागमती प्रदेश सरकारले सम्पन्न गरी संरक्षण र व्यवस्थापनका लागि हेटौँडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको थियो ।

यो सुरुङमार्गको ऐतिहासिकताको प्रचारसँगै चुरियामाईको धार्मिक महत्त्व संरक्षण र प्रवर्द्धन गर्न सकिएमा यो मकवानपुरको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास हुनसक्ने जानकारहरू बताउँछन् । राणाकालीन इतिहासको जीवन्त साक्षी सुरुङमार्गसँगै चुरियामाईको धार्मिक महत्त्वलाई प्रचारप्रसार गरी यहाँको अधिकतम पर्यटकीय उपयोग गर्नुपर्नेमा स्थानीयको जोड छ ।

# विदेशी शक्ति राष्ट्रको सहयोग र इसारामा बनेको सरकारले देश हितको काम नगर्ने




भक्तपुर, ९ साउन। निओ फ्युजन स्कूल अफ कम्प्युटरको २१ औं प्रमाणपत्र, प्रशंसापत्र, सम्मानपत्र तथा सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले विदेशी शक्ति राष्ट्रको सहयोग र इसारामा बनेको सरकारले देश हितको काम नगर्ने स्पष्ट पार्नुभयो।

वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूलाई राज्य सञ्चालन, नीति निर्माण गर्न र संसदीय अभ्यासबारे पर्याप्त ज्ञान नभएको बताउनुभयो।

सरकारको आलोचना लोकतान्त्रिक अभ्यासको अभिन्न पक्ष भएको र गलत कामको विरोध गर्नुपर्ने उल्लेख गर्दै उहाँले राजनीति देश र जनताको हितको लागि हुनुपर्ने बताउनुभयो।

सरकार सञ्चालन र बजेट व्यवस्थापन गम्भीर विषय भएको र बजेटमा मनपरी ढङ्गले हेरफेर गर्न नहुने उल्लेख गर्दै उहाँले राज्य सञ्चालनमा जिम्मेवारी र अनुशासन आवश्यक पर्ने धारणा राख्नुभयो।

बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले प्रशिक्षार्थीहरूलाई प्राप्त सीपको सदुपयोग गर्दै लग्नुपर्ने र आफ्नो पढाइलाई निरन्तरता दिँदै उच्च शिक्षा हासिल गर्न प्रेरित गर्नुभयो।

अहिलेको जीवनशैली प्रविधिमैत्री भएको र प्रविधिको सहजीकरण तथा प्रयोगबिना हाम्रो जीवन सहज नहुने उल्लेख गर्दै उहाँले विज्ञान-प्रविधिको महत्त्व र आवश्यकताअनुसार हामीले यस्ता ज्ञान र सीप सिक्दै र सिकाउँदै जानुपर्ने बताउनुभयो।

प्रजग कोरियाका विद्यार्थीहरू अनुशासित, मेहनती र असल भएको स्पष्ट पार्दै उहाँले विद्यार्थीलाई सिर्जनात्मक कार्यमा सहभागी गराउनुपर्ने; खराब सङ्गत र दुर्व्यसनबाट टाढा राख्नुपर्नेमा जोड दिनुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले प्रशिक्षणबाट सिकेका सीप र ज्ञान समाज, समुदायको हितको लागि सदुपयोग गर्नुपर्ने बताउनुभयो।

निओ फ्युजन स्कूल अफ कम्प्युटरका निर्देशक एवं कार्यक्रमका सभापति बालकृष्ण बनमालाले कार्यक्रम सफल पार्न उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्दै विद्यार्थीलाई विभिन्न सिर्जनात्मक तालिमसमेत निःशुल्क प्रदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा काष्ठकलाका प्रशिक्षक इन्द्रकाजी शिल्पकारलाई सम्मान गरिएको थियो। कम्प्युटर तालिममा यस वर्ष विभिन्न जिल्लाका ६० वटा विद्यालयका २२० जना विद्यार्थी भर्ना भएकोमा १६३ जना नियमित कक्षामा उपस्थित भएका थिए।

कार्यक्रममा सृजन लवजु, प्रविना बनमाला, बिरज लोहला, बैबिदलक्ष्मी बाहाला र सौरव बज्राचार्यले पनि बोल्नुभएको थियो।

# अग्रजहरूको गतिविधि पार्टीको इतिहास

भक्तपुर, ९ साउन। ऐतिहासिक 'भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण र आजको आवश्यकता' विषयमा अन्तरक्रिया कार्यक्रम शनिबार सम्पन्न भयो।

नेमकिपा भनपा ६ (साबिक ५) एकाइ समितिको आयोजनामा भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले पार्टीका अग्रज कार्यकर्ताहरूले विगतमा गर्नुभएको गतिविधि पार्टीको इतिहास भएको बताउनुभयो।

नापी आएको बेला खेत खलिहानमा पुगी मोहीको कोलममा वास्तविक किसानको नाम लेखाउन, सहकारी संस्थाका भ्रष्टाचारीलाई कारबाही गर्न, मोहियानी हक बचाउन भर्पाई आन्दोलनलगायतका गतिविधिहरू पार्टी निर्देशनमा भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "हाम्रा अग्रजहरूबाट सिकी भ्रष्टाचार र अनियमितताको विरूद्ध सङ्घर्षलाई निरन्तरता दिनु आवश्यक छ।"

कार्यक्रम सिद्धिराम अवालको सभापतित्वमा सम्पन्न भएको थियो।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- ❖ लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- ❖ युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- ❖ साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- ❖ लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- ❖ समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- ❖ परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- ❖ लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

*हास्यव्यङ्ग्यकार...*

अत्याचारको विरोधमा व्यङ्ग्य गर्नुपर्ने उल्लेख गर्दै ख्याल (हास्यव्यङ्ग्य) विधालाई प्रहसनमा निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

शोषक, सामन्तहरूको विरोधमा लेखेर उनीहरूलाई नै हँसाउने काम ख्यालको उद्देश्य रहेको चर्चा गर्दै उहाँले जनतालाई जागरूक बनाउन, वैचारिक स्तर उठाउन, ख्यालको प्रहसनमा लाग्दा अनेक दुःखकष्ट झेल्नुपरेको समस्याबारे प्रकाश पार्नुभयो।

नाट्यकर्मी समाज नेपालका अध्यक्ष एवं कार्यक्रमका सभापति लक्ष्मीप्रसाद चवालले 'रामशेखरया ख्याल ब्वज्या' देखाउन विभिन्न चरणमा विभिन्न प्रयास गरेको जानकारी दिनुभयो।

नाट्यकर्मी समाजले गरिरहेको गतिविधिबारे प्रकाश पार्दै थियटरको जीर्णोद्धारमा सहयोग गर्ने विभिन्न पक्षको योगदानको स्मरण गर्दै साउन १९ गतेसम्म हरेक दिन साँझ ५ बजे हुने ख्याल प्रहसन हेरी सहयोग गर्न आग्रह गर्नुभयो।

रवीन्द्रप्रसाद कुसीले ख्याल ब्वज्या (प्रहसन) को आवश्यकताबारे चर्चा गर्नुभयो।

उद्घाटन समारोहपछि 'खेल खत्तम' ख्याल देखाइएको थियो। भक्तपुर बचत तथा ऋण सहकारी संस्थाले प्रस्तुत गरेको उक्त ख्यालको जय प्रजापतिले निर्देशन गर्नुभएको थियो भने सोको व्यवस्थापन नारायणी खोँजुले गर्नुभएको थियो।

प्रहसनपछि आशाकाजी थकु र राजेन्द्र श्रेष्ठले ख्यालको समीक्षा गर्नुभएको थियो।

त्यसरी नै आज आइतबार क्षेरावती द्य: देखाइने छ। ख्वप कलेजले प्रस्तुत गर्ने सो ख्याल राजेन्द्रप्रसाद श्रेष्ठले निर्देशन गर्नुभएको थियो।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री साहका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार (बेन) भारत भ्रमण गएको पत्तै पाएन। यसले सरकार संस्थागत नभई व्यक्तिगतजस्तै भएन र ? प्रधानमन्त्रीको स्वकीय सचिवालयमा ४८ जना कर्मचारीको दरबन्दी र २७ जना नियुक्ति यसैको लागि हो र ?
- एक वर्षमै ४६ करोड ७१ लाख रूपैयाँ बराबरको कोकिन बरामद भएपछि नेपाल अन्तर्राष्ट्रिय कोकिन तस्करहरूको ट्रान्जिट बन्दै गएको खुल्यो। नेपाल लागूपदार्थ कारोबारको मार्ग बनेको समाचार धेरै अगाडिदेखि प्रकाशित भइरहेको हो। तर, कुनै पनि सरकारले यसलाई रोक्न सकेनन्।
- फ्रान्सले १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय गर्‍यो। नेपालमा पनि सामाजिक सञ्जालले विकृति फैलाइरहेको छ। भदौ २३ र २४ गतेको विध्वंसलाई पनि यसले मलजल गरेको किन होइन ?
- उखु किसानहरूले चिनी मिलबाट २७ करोड भुक्तानी पाउन बाँकी रहेको समाचार प्रकाशित भयो। नेका, एमाले, माओवादी, रास्वपाको सरकारमा यही समाचार बारम्बार किन दोहोरिन्छ ? के सरकारहरू गरिबका होइनन् ?
- नेपाल-भारत सीमामा तस्करी नियन्त्रणको जिम्मेवारी पाएका सुरक्षा निकायकै केही अधिकारीहरूले तस्करसँग मिलेमतो गर्छन्। यसअघि पनि बारम्बार यस्ता समाचार आउँथे। के आजसम्मका सरकारहरू एकै ड्याङका मूला हुन् ?
- राष्ट्रिय स्वतन्त्र पार्टीले सर्वोच्च अदालतका चार न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाँल र नहकुल सुवेदीविरूद्ध संसद्मा महाभियोग प्रस्ताव तयार गरेको खुल्यो। यसअघि नेका, एमाले, माओवादीले आफ्नो अनुकूल नभएका प्रधानन्यायाधीशहरूलाई हटाउन यसरी नै महाभियोगको बाटो समाएका थिए। के सरकारी दलहरू गाँसेगुसे एकैनासे साबित भएको हो ?




*उच्च...*

विद्यार्थीको सफलतामा अभिभावकको मेहनत र शिक्षकहरूको समर्पणको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो। सफलता केवल अङ्कले मात्र मापन नहुने, असल नागरिक बनेर समाजसेवामा समर्पित हुन उहाँले विद्यार्थीलाई प्रेरित गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं समारोहका सभापति बलराम प्रजापतिले धन्यवाद ज्ञापन गर्दै सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा एसईई उत्तीर्ण विद्यार्थी आयुषा खोजु र कक्षा १० की विद्यार्थी जिज्ञासा कोजुले अध्ययन गर्दाको अनुभव तथा सिकाइबारे बोल्नुभएको थियो।

कार्यक्रमको सञ्चालन शिक्षिका कृष्णश्वरी दुवालले गर्नुभएको थियो।

# चानपा-९ मा भ्रष्टाचारविरोधी दिवस

भक्तपुर, ९ साउन। नेपाल क्रान्तिकारी किसान सङ्घ, चाँगुनारायण नपा ९ वडा समितिको आयोजनामा शनिबार भ्रष्टाचारविरोधी दिवसको अवसरमा किसानहरूको भेला भयो। भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सचिव पाण्डव सुवालले पुँजीवादी व्यवस्थामा भ्रष्टाचार र अनियमितता छाँयाजस्तै सँगै आउने भएकोले शासक दल त्यसबाट अछुटो हुन नसक्ने बताउनुभयो।

उहाँले भन्नुभयो– मन्त्रिपरिषदबाट हुने हरेक निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायले छानबिन गर्न नपाउने कानुनी व्यवस्थाकै कारण नेपालमा भ्रष्टाचार बढिरहेको हो। जनता प्रधानमन्त्री र मन्त्रीहरूलाई भ्रष्टाचारको अर्को पर्याय ठानिरहेका छन्। ठुला भ्रष्टाचारका धेरैजसो काण्डहरूमा प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरू जोडिनुले पुँजीवादी शासक दल नै भ्रष्टाचारको जड भएको पुष्टि गरेको हुँदा भ्रष्टाचार गर्नेहरूलाई फाँसीको सजाय हुनु आवश्यक छ।

भ्रष्टाचार र अनियमितताको सानो सूचनाले पनि देशमा भ्रष्टाचार कम गर्न मद्दत हुने भएकोले समयमै सही सूचना सम्प्रेषण गर्नु कार्यकर्ताको जिम्मेवारी हो। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले थाल्नुभएको भ्रष्टाचारविरुद्धको अभियानमा सबै लाग्नु जरुरी छ भन्नुभयो।

भेलामा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका सहसचिव नारायणभक्त न्हेम्हाफुकीले २०२५ साउन २ र २०२६ असार १९ गते भक्तपुरको नवदुर्गा सहकारी संस्थामा भएको अनियमितता र बेइमानीको घटना सम्वन्धमा अग्रज किसानहरूले निभाउनुभएको भूमिकाबारे प्रकाश पार्नुभयो।

आयोजक समितिका अध्यक्ष रविन बासुकलाको सभापतित्वमा भएको सो भेलामा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नपा ९ वडा समितिका अध्यक्ष राजाराम छुकां, चाँगुनारायण नपा ९ का वडा अध्यक्ष गणेश त्यात, नेपाल क्रान्तिकारी महिला सङ्घका वडा अध्यक्ष कमला भारती, किसान कार्यकर्ता रामचन्द्र छुकांलगायतले देशमा भइरहेको भ्रष्टाचार र अनियमितताको घटनाबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

*कार्की...*

**सुरक्षा निकायहरूको परिचालन र समन्वय**

जिल्लामा सुरक्षाकर्मीहरूको सङ्ख्या कम रहेको र ठुलो सङ्ख्यामा आन्दोलनकारीहरूको भिड एकै स्थानमा रहेको कारण सुरक्षाकर्मीहरूले निजी तथा सरकारी कार्यालयहरूमा क्षति हुनबाट रोक्न नसकेको हो।

**जिल्ला प्रशासन कैलाली**

२०८२।०५।२४ गते बिहान विभिन्न समयमा कैलाली बहुमुखी क्याम्पस र ऐश्वर्य बहुमुखी क्याम्पसलगायत स्थानमा विभिन्न व्यक्ति भेला भई भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको विरोध र्‍याली निकालेका थिए। जुलुस बजार परिक्रमा गरी मुख्यमन्त्री कार्यालय गेट अगाडि र जिल्ला प्रशासन कार्यालय कैलालीको गेट अगाडि जम्मा भएर कोणसभामा परिणत भएको थियो। जिल्लाका अन्य स्थानमा समेत नारा जुलुससहित विरोधका कार्यक्रम गरिएका थिए। जिल्लामा रहेका सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालयहरू, स्थानीय तहका कार्यालय भवनलगायत विभिन्न वडा कार्यालयहरू, अन्य सरकारी कार्यालय, विभिन्न पार्टीका कार्यालय, नेपाल प्रहरीका एकाइ तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास, पूर्वमन्त्री लेखराज भट्टको घर, मेयर, वडा सदस्यलगायतका निजी निवास, होटल व्यापारिक स्थललगायतका निजी प्रतिष्ठान, उल्लेखित स्थानमा राखिएका विभिन्न चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारी साधनहरूमा समेत आगजनी तथा तोडफोड भएको थियो। सोही दिन ८:०५ बजेदेखि अन्दाजी ९००/१००० (नौ सय हजार जना जेन-जी समूहका समर्थकहरूले जुलुस निकालेर बजार परिक्रमा गरे।

२०८२ भदौ २४ गते आन्दोलनमा परिस्थितिको अनुचित फाइदा उठाई केही समूहले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्तिसमेतमा अत्यधिक क्षति पुर्‍याउनुका साथै लुटपाट एवम् आगजनी गरे। सोही राति २२:०० बजेबाट नेपाली सेना परिचालन भएको थियो। भदौ २४ गते राति १० बजेदेखि २५ गते बिहानसम्म कैलाली जिल्लामा व्यक्तिगत रिसईबीका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथि आगजनी, तोडफोड तथा ढुङ्गामुढालगायत कुनै पनि किसिमको क्षति भएन।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा